# कमैया महिला जागरण समाज नेपाल

## गुलरिया, बर्दिया

## नेपालमा कृषिमा आधारित बंधुवा श्रम अन्त्य परियोजना

**प्रगति प्रतिवेदन**

1.1.1.a : Formation/ Reformation and strengthening of Kamaiya groups

एक्सन एड नेपाल र कमैया महिला जागरण समाज नेपाल द्धारा सञ्चालित नेपालमा कृषीमा आधारित बंधुवा श्रमको अन्त्य परियोजना अन्तरगत मुक्त कमैया समाजको वडा तथा बस्ती स्तरिय समिति गठन तथा पुर्नगठन, बैठक तथा छलफल कार्य राजापुर न.पा., गेरुवा गा.पा., बाँसगढी न.पा. र बढैयाताल गा.पा. मा सम्पन्न भएको छ । ४ वटा पालिकामा २.५ बर्षमा परियोजनाको उद्धेश्य अनुसार ५०० पटक वडा समितिको बैठक सम्पन्न भएको छ । वडा स्तरिय समितिमा महिला ६०० र १५५ गरि जम्म ७५५ जना अबद्ध रहेको छन् ।



मुक्त कमैया समाजको संगठन/समिति विगतको दिनमा गठित भएपनि निस्क्रिय अवस्थामा रहेको थियो मुक्त कमैयाहरुको मुद्धा कमजोर हुदैं गईरहेको थियो । परियोजना सञ्चालन पश्चात बर्दिया जिल्लाको ४ पालिका बढैयाताल गाँऊपालिका, बाँसगढी नगरपालिका, राजापुर नगरपालिका र गेरुवा गाँऊ पालिकामा वडा तथा वस्ती स्तरको २५ वटा वडा समितिको गठन तथा पुनर्गठन गरिएको थियो । गठन तथा पुनर्गठनको क्रममा स्थानिय मुक्त कमैयाका नेतृत्व र वडा समितिको नेतृत्वहरुको संलग्नता रहेको थियो यसै क्रममा थारु समुदायमा रहेको बरघरहरुको समेत सहभगिता रहेको थियो गठनको कमममा सहयोग पनि गर्नु भएको थियो । समिति गठनका क्रममा मुक्त कमैयाहरुको सवालमा आवश्यक सहयोगका लागि वडाका जनप्रतिनिधीहरुको प्रतिबद्धता रहेको थियो । गठन तथा पुनर्गठन पश्चात यस समितिहरुले नियमित रुपमा बैठकमा मुक्त कमैयाहरुको सवालमा छलफल गर्ने, कार्ययोजना बनाउने, विभिन्न सरोकारवालाहरु संग समन्वय सहकार्य अन्तरकृया र पैरवी सम्बन्धी कृयाकलापहरु सञ्चालन गर्ने गर्छ । संगठनले मुक्त कमैयाका सवालमा छलफल गर्नको लागि निस्कृयतामा हुदै गएको मुक्त कमैयाहरुको नेटवर्कलाई सवल र सकृय बनाउनमा सहयोग पुगिरहेको छ । संगठनमा समुदाय स्तरमा रहेका मुक्त कमैया तथा छुट कमैयाहरु पनि संगठनमा संगठित हुन थालेका छन् ।

मुक्त कमैया समाजको संगठन सुढृद्धिकरण गरि बस्ती स्तरिय बैठकले मुक्त कमैयाहरुको सवालमा पैरवी तथा वकालत गर्न जगरुक बनाएको छ । स्थानिय सरकार संग विभिन्न योजना तथा प्रस्तवनामा छलफल गर्न सहज भएको छ । मुक्त कमैया अगुवाहरुको क्षमता विकास, नेत्तृव विकास बिकासमा सहयोग पुगेको छ । बैठकमा मुक्त कमैयाहरुको बस्तीमा रहेको विवादित जग्गाको विषयमा छलफल, श्रेष्ता कायम, फिल्ड बुक, सट्टाभर्ना जस्ता विषयमा छलफल गरि समस्यालाई समाधानको लागि पालिका स्तरिय मुक्त कमैया समाजले स्थानिय तहमा अफना समस्याहरु राख्ने गरेका छन् । समस्या समाधानको लागि स्थानिय सरकारले समाधान गर्ने प्रतिबद्धता जनाएका छन् । स्थानिय र प्रदेश सरकारले मुक्तकमैयाहरुलाई अनुदान कार्यकमका लागि सुचना प्रकाशन जस्तै : शिक्षा, स्वस्थ्य, कृषि, जस्ता कार्यक्रमहरुका लागि सुचना प्रकाशन गरेमा

कार्यक्रमहरुको बारेमा समुह/समितिहरुमा जानकारी गरि अनुदानका कार्यक्रमहरुमा समेत सहभागी हुन थालेका छन् । बर्दिया जिल्लामा मुक्त कमैयाहरु जग्गा प्राप्त गरे पनि ५०३१ जना कमैया बर्दियामा काठ काटानी मुछानीबपातको रकम प्राप्त गर्न नसकेको ले रकम निकासाको लागि जिल्ला प्रशासन कार्यालय, भुमि सुधार तथा मालपोत कार्यालय, डिभिजन बन कार्यालयमा रकम निकासको लागि निरन्तर पैरवी गरिरहेका छन् ।

मुक्त कमैया परिवारको जिविकोपार्जन, शिक्षा, स्वस्थ्य, रोजगारी र ज्याला लगायत विषयमा स्थानिय तह अर्न्तगत वडा तथा पालिका सरकार संग बजेट माग, प्रस्तवना पेश गर्नको लागि छलफल गरि योजना तथा कार्यक्रमहरु पेश गर्ने गरेका छन् ।



हालको अवस्थामा वडा स्तरिय मुक्त कमैया समाजले स्थानिय सरकार सँग अफना मागहरु ज्ञापन पत्र मार्फत पेश गरिरहेको छ । बढैयाताल र बाँसगढीमा ५ वटा वडा स्तरिय मुक्त कमैया समितिले बस्ती तथा समुदायमा रहेको समस्याबारे छलफल गरि ५ वटा वडा कार्यलयमा ज्ञापन पत्र पेश गरेको छ । एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यलयले मुक्त कमैयाहरुको जिविकोपार्जनमा सुधार ल्याउनको लागि राजापुर र गेरुवामा रहेका ११६ मुक्त कमैया परिवारलाई तरकारीको विउ अनुदानमा वितरण गरेको छ । स्थानिय तहको कृषि शाखाले मुक्त कमैयाहरुको लागि कृषि समाग्रीमा अनुदानको लागि सुचना प्रकाशन गरे अनुसार ९०० प्याकेट च्याउको विउ , १७२ बोरी गहुँको विउ, १४८ के.जी. वर्षिमको विउ , ८२ प्याकेट तरकारीको विउ शतप्रतिशत अनुदानमा ३७७ घरधुरीले प्राप्त गरेका छन् ।

### 1.1.1.b. Quarterly meeting of Palika level Kamaiya Network

बर्दिया जिल्लाको ४ वटा पालिका बढैयाताल गाँउपालिका, राजापुर नगरपालिका, गेरुवा गाँउपालिका र राजापुर नगरपालिकामा मुक्त कमैया समाजको पालिका स्तरिय बैठक २.५ वर्षमा २५ पटक सम्पन्न भएको छ । पालिका स्तरिय समितिमा महिला ३१ जना र पुरुष २३ गरि जम्म ५४ जना अबद्ध रहेका छन् । कार्यक्षेत्र रहेको बाँसगढी नगरपालिका, बढैयाताल गाँऊपालिका, गेरुवा गाँऊपालिका र राजापुर नगरपालिकामा नगर स्तरिय समितिको पुनर्गठन तथा बैठक सम्पन्न भएको थियो । मुक्त कमैयाहरुको सवालमा पैरवी गर्नको लागि संगठनको आवश्यकता भएकोमा यस संगठनले सवाल उठानको लागि सक्रिय रुपमा मुख्य भुमिका खेलिरहेको छ । सरकारको एक महत्वपूर्ण तह स्थानिय तह भएको उक्त तह संग यस संगठनले नजिक भएर मुक्त कमैयाहरुको पुनर्स्थापना, आर्थिक, सामाजिक तथा शैक्षिक लगायत सर्वाङ्गिण पक्षको विकासको लागि आवश्यक ठाँऊमा आवश्यक पैरवी गर्ने सगठनको रुपमा रहेको छ । यसै क्रममा कार्य क्षेत्र भन्दा बाहिरका पालिकाहरुमा पहिले नै संगठन रहिरहेको र अन्य जिल्ला स्तरका कार्यक्रमहरुमा वहाँहरुको समेत संलग्नता रहेको पाईएको छ । मुक्त कमैयाहरुको पालिका स्तरिय संगठन निर्माण पश्चात मुक्त कमैया समुदायमा रहेको समस्याबारे निरन्तर पैरवी गरिरहेका छन् । मुक्त कमैयाहरुको सवालमा पैरवीको काम तथा वकालत भईरहेकोले छुट मुक्त कमैयाहरु पनि संगठनमा जोडिन थालेका छन् । मुक्त कमैया समाजले स्थानिय पालिकामा रहेको मुक्त कमैयाहरुले प्राप्त गर्न नसकेका सुचना र सेवा सुविधाको विषयमा छलफल गरि पंहुच बढईरहेको छ । सोही अनुसारको सुचना मुक्तकमैया समुदायमा प्रवाह गर्ने गरेका छन् । पहिलेको भन्दा अहिलेका अवस्थामा मुक्त कमैया तथा छुट कमैयाहरु राज्यले प्रदान गर्ने सेवा सुविधाको बारेमा चासो दिन थालेका छन् । विभिन्न अनुदान तथा सहयोगको कार्यक्रममा पालिका अर्न्तगत रहेका विभिन्न शाखाहरु संग जोडिएर अनुदान तथा सहयोग लिन थालेका छन् । यस संजालले स्थानिय तह संग नियमित पैरवी गरिरहेको छ ।



कमैया महिला जागरण समाज नेपाल द्वारा मुक्त कमैया बालबालिकाहरुलाई शैक्षिक सामाग्री सहयोगका लागि बस्ती समितीबाट आएका मुक्त कमैया परिवारको बालबालिकाहरुको विवरण संकलनको छनौट तथा सिफारिस कार्य गर्ने गरेका छन् । बालबालिकाहरुको शैक्षिक अवस्थामा सुधार ल्याउन र नियमित विद्यालय सम्मा पठाउने वातावरण सिर्जना गर्न आर्थिक अवस्था कमजोर भएको कारण विद्यालय छोडेको बालबालिकाहरुको विद्यालयमा पहुँच बढाउनको लागि मुक्त कमैया र अति विपन्न परिवारका बालबालिकाहरुको नाम संकलनको लागि वडा र पालिका सिफारिस गरिएको थियो । मुक्त कमैया समाज बस्ती समिती मार्फत व्यवसाय गर्न इच्छुक अति विपन्न मुक्त कमैयाहरुलाई व्यवसायीक सहयोग गर्नको सदस्य छनौट र संस्थालाई सिफारिस गर्ने कार्य गरिएको थियो ।

फुलराम थारु : पालिका स्तरिय मुक्त कमैया संगठन नहुंदा पहिला हामी अफनो अधिकारबारे स्थानिय तहमा केहि कुरापनि राख्न सक्दैनथ्यो संगठन निर्माण पश्चात कमैया बस्तीमा रहेका समस्याबारे संगठनमा छलफल गर्छौ । पालिकाले प्रदान गर्ने अनुदान कार्यक्रम, शिक्षा स्वस्थ्य जस्ता विषयमा मागहरु लिएर पालिका सम्मा जाने गरेका छौं ।

अस्तुर्नी थारु , बसन्तटोलः कुन कार्यको लागि के कस्ता आवश्यक कागजात चाहिन्छ भनि जानकारी भएको छ । जसले गर्दा आवश्यक कागज पत्र लिएर जादाँ वडा कार्यलयमा तथा अन्य निकायमा काम छिटो छरिटो हुने गरेको छ । काम प्रक्रिया बारे जानकारी भएको ले गर्दा म जहाँ पनि निर्धक्क भएर आफ्नो विचार राख्न सक्ने भएको छु । स्थानीय जनप्रतिनिधीहरुसंग मुक्त कमैयाको समस्या बारे बहस गर्न सहज भएको छ ।

किष्णी थारु, विरेन्द्रनगरः आफ्नो अधिकार बारे चासो थिएन् । कानुन बारे खासै जानकारी पनि थिएन् । नेपाल सरकारको कानुनी अर्चन बारे जानकार हुनेको साथै अहिले स्थानीय जनप्रतिनिधिहरुसंग बहस गर्न सजिलो भएको छ ।

## 1.1.1.c. Quarterly meeting of District level Kamaiya Network

मुक्त कमैयाहरुको सवालमा जिल्ला स्तरका सरोकारवालाहरु संग छलफल तथा जिल्लामा रहेका अन्य आधार तहका संगठनहरुको परिचालनका लागि मुक्त कमैया समाज कञ्चनपुर, कैलाली, बर्दिया, बाँके र दाङ्गमा त्रैमासिक रुपमा जिल्ला बैठकहरु नियमित रुपमा बसेको छ । जसले मुक्त कमैयाहरुको जिल्ला तहको मुक्त कमैया सम्बन्धी सवालमा पैरवी वकालत गर्न तथा विभिन्न किसिमका अभियानहरु संचालन गर्नका लागि यस संजालले सहयोग गरेको छ । साथै यस संजाल बाट विभिन्न सरोकारवालाहरु विचमा मुक्त कमैयाहरुको केन्द्र र सम्बन्धित तहहरु विच पुलको काम गरि कार्य सम्पन्न गर्नका लागि सहयोग पुगेको छ । मुक्त कमैयाहरुको जिल्ला स्तरिय बैठकले सवाल तथा अभियानको काममा निरन्तरता पाएको छ । परियोजनाले बर्दिया जिल्लाको ४ वटा पालिकामा मात्रै सवाल तथा अभियानको लागि अगुवाई तथा पैरवी गरे पनि हालको अवस्थामा ५ वटै जिल्लामा मुक्त कमैयाहरुको पुनर्स्थापनाका लागि पैरवी सम्बन्धी छलफल सल्लाह, सुझाव र संस्थागत अवस्थाका विषयमा छलफलको कामले निरन्तरता पाएको छ ।



मुक्त कमैया समाज र कमैया महिला जागरण समाज दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर ५ जिल्लामा संगठनिक रुपमा मुक्त कमैयाहरुको संगठन सुद्धिढिकरण, नेतृत्व विकास, राज्यको निती निर्माणमा पैरवी, सवालमा वकालत, अभियान तथा पुनर्स्थापनामा निरन्तर पैरवी गरिरहेको छ । हालको अवस्थामा परियोजना सञ्चालन पश्चात मुक्त कमैयाहरु अफनो सवालमा पैरवी गर्नको लागि मजबुट भएर संगठनमा लागिरहेका छन् । मुक्त कमैयाहरु संगठित भएकै कारण अफनो सवाल तथा वकालत कार्यमा राज्यको ध्यानकर्षण गर्न सफल भएका छन् । मुक्त कमैया समाजको ५ जिल्लामा ५ वटा जिल्ला समिति रहेको छ जस्मा ७८ जना सदस्यहरु अबद्ध रहेका छन् । महिला ३७ जना र पुरुष ४१ जना रहेका छन् । मुक्त कमैया समाजले जिल्लामा रहेको मुक्त कमैयाहरुको समस्यबारे निरन्तर छलफल गर्दै आईरहेको छ । संगठनमा विगतको भन्दा हालको अवस्थामा मुक्त कमैया अगुवाहरु चासो दिन थालेका छन् । मुक्त कमैया समाजको जिल्ला स्तरिय समितिमा छुट मुक्त कमैयाहरुको सहभगिता समेत बढिरहेको छ । मुक्त कमैया समाजको जिल्ला बैठकमा कामको

समिक्षा र पालिका स्तरमा रहेको संगठन सुद्धिढीकरणको विषयमा छलफल हुने गर्दछ । पालिका स्तरमा रहेको अगुवाहरुलाई संगठन प्रति जगरुक बनाउने विषयमा छलफल गर्ने गरिन्छ । मुक्त कमैया सम्बन्धी समस्या समाधानको लागि बर्दिया जिल्लामा रहेको मुक्त कमैयाहरुको काठ काटानी मुछानी बापतको रकम फिर्ता नपाएका मुक्त कमैयाहरुका लागि जिल्ला स्तरमा रहेका अधिकारवाला र सरोकारवालाहरु संग पैरवीको काममा निरन्तरता दिईएको छ । बर्दिया जिल्लामा रहेको मुक्त कमैयाहरुको डाटा पालिका अनुसार सत्य तथ्य नरहेको हुनाले मुक्त कमैया पुनर्स्थापनाको विषयमा समस्या देखिएको छ । उक्त विषयमा बर्दिया जिल्लाको ८ वटै पालिकामा मुक्त कमैया तथा छुट मुक्त कमैयाहरुको डाटा संकलनका लागि छलफल गरिएको थियो । मुक्त कमैया समाज कैलाली र कञ्चनपुरले जिल्ला बैठकमा मुक्त कमैया तथा छुट कमैयाहरुको लगत संकलन प्रत्येक गाँउपालिका नगरपालिका भित्र रहेको मुक्त कमैयाहरुको डाटा संकलन गर्ने संकलनको लागि कमैया महिला जागरण समाज नेपाल संग सहकार्य गरि अवश्यक पर्ने फर्मेटको विषयमा छलफल गरिएको थियो । बाकें जिल्लामा मुक्त कमैया सम्बन्धी ड्राफ्ट पुनर्स्थापना कार्यविधि बारे छलफल गरिएको छ । साथै पालिका स्तरमा पनि सो कार्यविधि निमार्ण तथा पारित गराउनको लागि योजनाबद्ध रुपमा जाने छलफल गरिएको थियो ।

### २. कमैया महिला जागरण समाज बाँके जिल्ला समितीको बैठक सम्पन्न :

कमैया महिला जागरण समाज दाङ, बाकें, बर्दिया, कैलाली र कञ्चनपुरमा संगठनिक रुपमा अबद्ध रहेको छ । मुक्त कमैया समाज र कमैया महिला जागरण समाज भात्तृसंगठनको रुपमा मुक्त कमैयाहरुको हक अधिकार र सवालमा निरन्तर पैरवी गर्दै आईरहेको छ । परियोजना सञ्चालन हुनु भन्दा पहिला कमैया महिला जागरण समाज नेपाल केन्द्रिय समिति सकिय रहे पनि जिल्ला समिति कुनै कुनै जिल्लामा निस्कीय रहेको थियो । परियोजना सञ्चालन पश्चात कमैया महिलाहरु संगठन प्रति चासो दिएर मुक्त कमैयाहरुको सवालमा वकालत र पैरवी हरेक जिल्लामा निरन्तर लगिपरेका छन् । निश्क्रिय भएको जिल्लामा कमैया महिला जागरण समाज नेपालको संगठनलाई गठन तथा पुनः गठन गरेका छन् । मुक्त कमैया समाज संग सहकार्य गरेर विभिन्न अभियान तथा सवालमा पैरवी गरिरहेका छन् । मुक्त कमैयाहरुको समस्यालाई जिल्ला बैठकमा निरन्तर छलफल गरेर समस्याको सामाधानको उपायहरु खोजिरहेका छन् । कमैया महिला जागरण समाज दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर ५ वटै जिल्लामा गठन तथा पुर्नगठन कार्य सम्पन्न भएको छ । संगठन गठन तथा पुनगठन हुंदा नया नेत्तृत्व चायन भएको छ । संगठन पुनगठन पश्चात मुक्त कमैयाहरुको सवालमा पैरवी र वकालत गर्न सहज भएको छ । नयाँ नेत्तृत्वले सवालमा निरन्तरता दिएको छ । कमैया महिला जागरण समाज बर्दियामा १० जना र १ जना मनोनित बाँकी, बाकेंमा १३ जना, दाङमा ११ जना, कञ्चनपुरमा ९ जना र कैलालीमा ७ जना र मनोनित गर्न बाँकी गरि जम्मा ५० जना नयाँ नेतृत्व छनौट भई संगठन परिचालनमा सहजता आएको छ ।



### 1.1.1.d.Meeting of Central Kamaiya Network and support for institutional development

मुक्त कमैया समाज मुक्त कमैयाहरुको पुनर्स्थापनाको क्षेत्रमा निरन्तर अभियान तथा वकालतहरु गर्दै आईरहेको संगठन हो । यस संगठनले वकालत र पैरवी पश्चात धेरै जिल्लामा मुक्त कमैयाहरु पुनर्स्थापना हुन सफल भएका छन् । मुक्त कमैया समाजको शसक्त अन्दोलनले नै कमैया मुक्तिमा महत्वपुर्ण योगदान समेत रहेको पुगेको थियो । मुक्त कमैया समाजले विगतको दिनमा निकै नै संघर्ष गरेर विभिन्न अन्दोलन तथा अभियानहरु सफल बनाएको थियो । विभिन्न जिल्लामा ऐलानी प्रति ठाँउमा जग्गा कब्जा र वितरण कार्य गराउन सफल भएको संगठनको रुपले चिनिने गरिन्छ । धेरै मुक्त कमैयाहरु जग्गा र केहि अधिकार प्राप्त पश्चात मुक्त कमैया



समाजको संगठन निश्क्रिया भएको अवस्था थियो । परियोजना सञ्चालन पश्चात बैठकमा मुक्त कमैयाहरुका सवालका विषयमा छलफल गरि साझा एजेण्डा तय गरिनुको साथै मुक्त कमैया समाजको परिचालनका लागि नियमित बैठक तथा अन्य जिल्लाका सरोकारवालाहरुको संगठनिक छलफल गरिएको थियो । मुक्त कमैया समाजको केन्द्र समितिमा रहेको कार्यालय व्यवस्थापन तथा अन्य अभियान मुलक गतिविधि सञ्चालनको लागि छलफल गरिएको थियो । केन्द्र समितिको बैठकले प्रदेश तहको मुक्त कमैया समाजको सम्मेलनको लागि आवश्यक पहलका लागि छलफल गरिएको थियो । केन्द्र समितिको बैठकमा मुक्त कमैया समाजको साझा सवालका लागि विभिन्न तहमा अभियान संचालनको लागि तहगत संगठन परिचालनमा सहयोग पुगिरहेको छ । मुक्त कमैया समाजले बैठकमा निरन्तरता पाउन थालेको छ । सवालगत पैरवी तथा अभियानले निरन्तरता पाएको छ । केहि मुक्त कमैया र छुट कमैयाहरु अलपत्र संगठनमा सक्रिय हुन थालेका छन् । सरकार पनि कमैयाको सवालमा जवाफदेहि बनिरहेको र समस्य समाधानको लागि प्रतिबद्धता जानएको छ । ५ वटै जिल्लाका मुक्त कमैया अगुवाहरु संगठित हुन थालेका छन् र सावलमा छलफल गर्दै कार्ययोजना तयार गरि अभियान तथा सवालमा पैरवी गर्न थाले । मुक्त कमैया समाज संगठनले जिल्ला र प्रदेशमा अफना अभियान र मागमा वकालत गर्न थालेको छ ।

## Meeting of Central Kamaiya Network conference

मुक्त कमैया समाजको राष्ट्रिय सम्मेलन कैलाली लम्कीमा सम्पन्न भएको छ । अधिवेशनमा नयाँ नेत्तृत्व छनौट भएको छ । नयां नेत्तृत्वले गर्दा सवालमा वकालत र सवालमा पैरवी गर्न सहजता भएको छ । मुक्त कमैयाको सवालले निरन्तरता पाएको छ । नयाँ समिति १५ जनाको गठन भएको छ महिला ६ जना पुरुष ९ जनाको समिति रहेको छ । मुक्त कमैया समाजको तेस्रो राष्ट्रिय सम्मेलन मिति २०८१ बैशाख २१ गतेका दिन लम्कीचुहा नगरपालिका १ कैलाली एकतानागर बस्तीमा खुल्ला सत्र अभियान कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रममा पहिलो चरणमा मुक्त कमैयाहरुको माग तथा पुनर्स्थापना सहितको प्ले कार्ड तयार गरि लम्की चौरहा देखि ऱ्याली कार्यक्रम सुरु गरिएको थियो । कार्यक्रममा मुक्त कमैया बस्तीमा थुप्रै मुक्त कमैया युवा तथा अगुवाहरुको सहभगिता रहेको थियो । कार्यक्रममा अन्य मानिसहरुको पनि ध्यानआकर्षण केन्द्रित भएको थियो । खुल्ला सत्रको कार्यक्रम औपचारिक रुपमा सुरुवात गरिएको थियो । कार्यक्रमको सभाअध्यक्षता मुक्त कमैया समाजको केन्द्रीय अध्यक्ष पशुपति चौधरी ज्युको सभाअध्यक्षता सुदुरपश्चिम प्रदेश भुमि व्यवस्था तथा कृषि सहकारी मन्त्री टिका थापा ज्युको प्रमुख अतिथ्य, पुर्व प्रदेश सभा सदस्य रतन थापा, लुम्बिनी प्रदेश पुर्व उपसभामुख कृष्णी थारु, सविंधान सभा सदस्य सुकदैया चौधरी, संविधान सभा सदस्य हरि श्रीपाईली, मन्त्री स्वकिय सचिव दुजराम चौधरी, फ्रिडम फण्ड बालाराम भट्टराई, एक्सन एड नेपालका परियोजना संयोजक सुजात श्रामणेर, कमैया महिला जागरण समाज नेपालका केन्द्रिय अध्यक्ष विरुणी थारु, बाँके, बर्दिया, दाङ, कैलाली र कञ्चनपुरका जिल्ला अध्यक्ष, मुक्त कमैया अगुवा, पत्रकार, सञ्चारकर्मि र मुक्त कमैयाहरुको सहभगितामा खुल्ला सत्र कार्यक्रम सुरुवात गरिएको थियो । कार्यक्रम सञ्चालन मुक्त कमैया समाजका सुदुर पश्चिम प्रदेश अध्यक्ष चन्द्र प्रसाद चौधरी ज्युले सञ्चालन गर्नु भएको थियो भने स्वगत मन्तव्य मुक्त कमैया समाजका जिल्ला उपध्यक्ष सिता चौधरी ज्युले स्वगत गर्नु भएको थियो । कार्यक्रममा महिला १७५ जना र पुरुष ११० गरि जम्मा २८५ जनाको सहभगिता रहेको थियो । कार्यक्रम राष्ट्रिय गान बाट सुरुवाट गर्नुको साथै प्रमुख अतिथी ज्युबाट व्यानर बाचन गरेर उदघाटन सत्र सुरुवाट गरिएको थियो । कमैया महिला जागरण समाज नेपालका अध्यक्ष विरुणी थारु : मुक्त कमैया समाज विगत वर्षदेखि नै मुक्त कमैयाहरुको पुनस्थापना र हक अधिकारको लागि निरन्तर पैरवी गरिरहेको कुरा जानकारी गराउनु भएको थियो । मुक्त कमैया समाज दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर गरि ५ जिल्लामा संगठनिक रुपमा काम गरिरहेको हुनाले मुक्त कमैयाहरुको सवालमा वकालत तथा पैरवीगर्न एकदमै सहज भएको कुरा जानकारी गराउनु भएको थियो । मुक्त कमैया अगुवाहरु यस संगठनको दिगोपनाको लागि निरन्तर सहकार्य गरिरहेको कुरा जानकारी गराउनु भएको थियो । कमैया महिला



जागरण समाज नेपालले मुक्त कमैया समाज संग नाङ र मासु जस्तै सम्बन्ध राख्ने भनि प्रतिबद्धता समेत गर्नु भएको थियो । मुक्त कमैया समाजको सम्मेलनको सफलताको शुभकमना दिंदै नयाँ कार्यसमितिको सफलतको शुभकमना समेत व्यक्त गर्नु भएको थियो ।

## 1.1.6.Provicial Level conference of Kamaiya people

मुक्तकमैयाहरुको अभियान र सवाललाई सशक्त बनाउने उद्धेश्यले लुम्बिनी प्रदेश र सुदुर पशिचम प्रदेशमा नेपालको सरकारको संरचना अनुसार सवालमा वकालत गर्नको लागि मुक्त कमैया समाजको प्रदेश स्तरिय सम्मेलन पश्चात समिति गठन भएको थियो । सम्मेलनमा मुक्त कमैया, छुट कमैया, अगुवा र सरोकारवालाहरुको सहभगिता पश्चात लुम्बिनी प्रदे र सुदुर पशिचम प्रदेशमा १/१ वटा समिति गठन भएको थियो । लुम्बिनी प्रदेशमा मुक्त कमैया समाजको समिति गठन प्रकृयामा लुम्विनी प्रदेशका माननीय वन तथा वातावरण मन्त्री दुर्गा प्रसाद चौधरी प्रमुख अतिथी, विशिष्त अतिथीमा लुम्बिनी प्रदेश सांसद मा. राजकुमार चौधरी, मा. सिता चौधरी, अतिथीमा लुम्बिनी प्रदेश सभाका पूर्व उपसभामुख कृष्णी थारु, पालिकाका उपाध्यक्ष, वडाअध्यक्ष, मुक्त कमलह्री विकास मञ्चका केन्द्रिय अध्यक्ष, मुक्त कमैया समाज र कमैया महिला जागरण समाजका जिल्ला अध्यक्षहरु, मुक्त कमैया अगुवा अन्य संघ संस्थाका पदाधीकारीहरुको समेत उपस्थिती रहेको थियो ।



कार्यक्रममा अतिथीहरुले शुभकामना मन्तव्यका क्रममा मुक्त कमैयाका पुनर्स्थापनाका लागि सबै मिलेर लाग्नु पर्ने र सहयोग गरिने बारे प्रतिबद्धता गर्नुका साथै मुक्तकमैयाहरु बाहिर बाट तथा आफुले भित्र बाट संघर्ष गरि मुक्त कमैयाहरुको समस्या समाधान गरिनु पर्ने भनि प्रमुख अतिथी माननीय वन तथा वातावरण मन्त्री दुर्गा प्रसाद चौधरीले बताउनु भयो । उद्घाटन सत्र भन्दा पहिला हजारौको संख्यामा मुक्त कमैयाहरु र्‍याली कार्यक्रम गरि आफ्ना मागहरुको बारेमा जानकारी गराएका थिए भने उक्त र्‍याली कार्यक्रम राप्ती गाँऊ पालिका वडा नं. २ मा रहेको लालमटियाको टुडिखेलको मैदानमा सभामा परिणत भएको थियो । र्‍याली कार्यकममा अन्य व्यक्तिहरुको समेत ध्यान केन्द्रीत भएको थियो ।

उद्घाटन सत्र पश्चात कमैया महिला जागरण समाजका केन्द्रिय अध्यक्ष विरुणी थारुको संयोजकत्वमा तथा मुक्त कमैया समाजका केन्द्रिय अध्यक्ष पशुपती चौधरी र मुक्त कमलह्री विकास मञ्चका केन्द्रिय अध्यक्ष हिरामोती चौधरीको सदस्यता सहित निर्वाचन मण्डलको समिति गठन भएको थियो जसमा ११ जनाको मुक्त कमैया समाजको लुम्विनी प्रदेश समिति गठन गरिएको थियो भने दुई जना सदस्यहरु कार्य समितिको निर्णय अनुसार मनोनित गर्ने निर्णय सहित मुक्त कमैया समाजको सम्मेलन सम्पन्न गरिएको थियो ।

## 1.1.1.e. Quarterly meeting of Provincial Level Kamaiya Network

मुक्त कमैया समाज प्रदेश स्तरिय समिति गठन पश्चात मुक्त कमैयाहरुको माग र सवालको विषयमा वकालत गर्न मुक्त कमैया अगुवाहरुले आ- अफनो प्रदेशमा माग र मुद्धालाई पहिचान गरि पैरवी गर्न सहज भएको छ । विगतको दिनमा लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेशमा मुक्त कमैया अगुवाहरुलाई प्रदेश धाउन र सरकार संग सहकार्य गर्न निकै कठिनाई रहेको थियो भने हालको अवस्थामा मुक्त कमैया अगुवाहरु प्रदेश संगठन समिति मार्फत मुक्त कमैयाहरुको सवाललाई लिएर जाँदा धेरै मागहरु सुनुवाई भैरहेको छ । मुक्त कमैया समाज प्रदेश समितिको बैठकमा मुक्तकमैया अगुवाहरुले आ- अफनो प्रदेशमा रहेको मुक्त कमैयाहरुको समस्याको विषयमा छलफल गर्नुको साथै मुक्त कमैयाहरुको पुनर्स्थापना कार्यविधि, छुट मुक्त कमैयाहरु व्यवस्थापन, लगत संकलन, परिचयपत्र वितरण जस्ता विषयमा छलफलले निरन्तरता पाएको छ । मुक्त कमैया समाज लुम्बिनी प्रदेश समिति र सुदुरपश्चिम प्रदेश समितिमा महिला ११ र पुरुष १५ गरि जम्मा २६ जनाको समिति रहेको छ । मुक्त कमैया समाज प्रदेश समितिको बैठक परियोजना अवधीमा २/२ पटक सम्पन्न भएको छ । बैठकमा मुक्त कमैया समाज सुदुरपश्चिम प्रदेशमा सम्पन्न गरिएका गतिविधीको विषयमा छलफल तथा



समिक्षा गरिएको थियो । छलफलमा मुक्त कमैया समाजले कैलाली र कञ्चानपुर जिल्लामा रहेको मुक्त कमैया तथा छुट कमैयाहरुको लगत संकलन विषयमा छलफल गरिएको थियो । मुक्त कमैया समाजले जिल्लामा विभिन्न गतिविधिहरुमा सहजता ल्याउन र पैरवीमा सहयोग पुग्ने उद्धेश्यले कार्ययोजना निर्माण गरि स्थानिय तह, प्रदेश तहमा योजना तथा पेश गर्नुको साथै मुक्त कमैया पुनस्थापना, शिक्षा, स्वस्थ्य, कृषि र जिविकोपार्जनमा सहजता ल्याउनको लागि संकलन गरिएका तथ्यांकहरु दस्तवेजीकरण गरि भुमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालय तथा स्थानिय पठाउने र आर्थिक वर्ष २०८१/८२ सालको बजेट विनियोजनमा पैरवी गर्ने भनि छलफल गरिएको थियो । सुदुर पश्चिम प्रदेशमा मुक्त कमैया, कमलरी र हलिया पुनस्थपना कार्यविधि परित गराउनको लागि मुख्यमन्त्री कार्यालयमा डेलिगेशन कार्य प्रदेश समितिले सम्पन्न गरेको थियो ।

## 1.1.3.c.Advanced level advocacy and leadership training to Haliya and Kamaiyas leaders

पाँचै जिल्लाका मुक्त कमैयाहरुको नेतृत्व तहहरुको क्षमता विकासका लागि नेतृत्व विकास तालिमको योजना गरिएको थियो । तालिममा मुक्त कमैया समाजको केन्द्र, जिल्ला तथा पालिका र वडा तहको सबै संरचना बाट प्रतिनिधत्व हुने गरि सहभागिता गराईएको थियो । मुक्त कमैयाका अगुवाहरुलाई नेत्तृत्व बिकास तालिम पश्चात मुक्त कमैया अगुवाहरुले संगठन निर्माणमा सक्रिय भुमिका खेलेका छन् । नेत्तृत्व बिकास तालिमले ५ वटै जिल्ला दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका मुक्त कमैया परिवारका नयाँ पुस्तामा तालिमले सकारात्मक प्रभाव परेको छ । मुक्त कमैया परिवारका युवाहरु विगतको दिनमा हामी मुक्त कमैया परिवारको हो भनेर लाज मन्ने गर्दथे तर हालको अवस्थामा परियोजना सञ्चालन पश्चात वडा, पालिका, जिल्ला, प्रदेश र केन्द्रीय तहमा मुक्त कमैया समाज गठन तथा पुनगठन भएर मुक्त कमैया परिवारका युवाहरुपनि संगठनमा अबद्ध भएर विभिन्न अभियान तथा सवालमा पैरवी गर्न थालेका छन् । मुक्त कमैया युवाहरुलाई संगठन र अभियानमा अझ शसक्त बनाउनको लागि नेतृत्व बिकास तालिम सञ्चालन गरिएको थियो । तालिममा सहभागीहरुको परिचय, संगठनमा अबद्ध रहेको वा नरहेको के जिम्मेवारी रहेको तालिमको सुरुवात गरिएको थियो । तालिममा मुक्त कमैया समाजको संरचनाको विषयमा छलफल गरिएको थियो । मुक्त कमैया सम्बन्धि पालिका तहको नीति निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यका साथ यस तालिम संचालन गरिएको थियो । तालिममा मुक्त कमैया समाज र कमैया महिला जागरण समाजका प्रतिनिधी लगायत पालिका, वडा तहका मुक्त कमैयाका नेटवर्कको संगठन विस्तार र स्थानिय तहमा योजना निर्माण प्रकृयामा सहभागि गराउन र बजेट विनियोजन पहुँच बृद्धिको लागि मुक्त कमैया अगुवाहरुलाई ३ दिने तालिम सञ्चालन गरिएको थियो । तालिममा जिल्ला अनुसार मुक्त कमैयाहरुको विवरण, स्थानिय निकायले मुक्त कमैयाका सवालमा संचालन गरिएका कृयाकलापहरु, पुनर्स्थापनका लागि हालको अवस्था र गर्नु पर्ने पैरवीहरु तथा मुक्त कमैयाका नेतृत्वकर्ता तथा जनप्रतिनिधीहरुको भुमिकाहरुको बारेमा छलफल गरिएको थियो । तालिममा जनप्रतिनिधि र कमैया समाजको अलग अलग योजना तयार गरिएको थियो । यस तालिमले मुक्त कमैयाको पुनस्थापनाको लागि एक कार्यविधी तथा नीतिको आवश्यकता महसुस गरि आगामी योजनामा उक्त नीतिका लागि आ-आफ्नो पालिकामा पहल गर्ने समेत टुङ्गो लगाएको थियो । नेत्तृत्व विकास तालिम पश्चात तालिममा सहभागि भएका जनप्रतिनिधीहरुले प्रतिबद्धता गरे अनुसार मुक्त कमैया कार्यविधी निर्माणको लागि अफनो अफनो पालिकामा छलफल तथा समन्यवयत्मक बैठकमा भुमिका निर्वाह गरिरहेका छन् ।



## 1.1.3a: District Level Advocacy Planning Workshop for Kamiya network.

जिल्ला तहका विभिन्न सरोकारवालाहरु संग मुक्त कमैयाहरुको सवालमा अभियानमुलक कार्यक्रमहरु गर्नका लागि पाँचै जिल्लामा मुक्त कमैया समाजको जिल्ला पैरवी योजना तयार गरिएको छ । उक्त कार्यशाला पछि पाँचै जिल्लाका मुक्त कमैया समाजको जिल्ला पैरवी योजना तयार भएको छ । जस योजना अन्तरगत संस्थागत योजना तथा सरोकारवालाहरु संग गरिने विभिन्न किसिमका मुक्त कमैयाका सवालमा दवाव मुलाक कार्यक्रमहरु तय गरिएको थियो । यस कार्यक्रमले पैरवी मुलक क्रियाकलापहरु बर्दियाको चार पालिका बाहेकका अन्य पालिका तथा जिल्ला तहमा सहज भएको थियो ।

## 1.1.6: District Level Conference of Kamaiya people

मुक्त कमैया समाजलाई संगठित बनाउनको लागि एक्सनएड नेपाल र कमैया महिला जागरण समाज नेपालले मुक्त कमैया समाज केन्द्र समिति संग निरन्तर सहकार्य गरि मुक्त कमैया समाजको ५ वटै जिल्लामा सम्मेलन सम्पन्न गरेको थियो सम्मेलनमा जिल्लामा रहेका मुक्त कमैया अगुवाहरुको राम्रो सहभगिता रहेको र संगठन प्रति लगाव भएको देखियो धेरै अगुवाहरु अझै पनि मुक्त कमैयाहरुको समस्या समाधानको लागि विभिन्न अभियान तथा कार्यकमहरु सञ्चालन गर्न अवश्यक रहेको कुरा सम्मेलन कार्यकममा सम्बोधन गरेका थिए । मुक्तः कमैया समाजको ५ वटै जिल्लामा नयां नेत्तृत्व छनौट पश्चात जिल्ला स्तरमा मुक्त कमैया सम्बन्धी सवालमा पैरव ीगर्न एकदमै सहज भएको छ । मुक्त कमैया समाज मुक्त कमैयाहरुको पुनर्स्थापनाको सन्दर्भमा विभिन्न अभियान तथा पैरवी निरन्तर गर्दै आईरहेको संगठन हो । मुक्त कमैया समाज ५ जिल्ला दाङ, बाँके, बर्दिया कैलाली र कञ्चनपुर जिल्लामा गठित रहेको छ । संगठनमा अबद्ध रहेका अगुवाहरुलाई अभियानमा निरन्तरता दिनको लागि मुक्त कमैया समाजको जिल्ला सम्मेलन पाँच वटै जिल्लामा सम्पन्न गरेको छ । मुक्त कमैया समाजको जिल्ला संगठन रहेको जिल्लाहरुमा मुक्त कमैया समाजको जिल्ला संगठनलाई सवल र सक्षम नेतृत्व प्रदान गर्नका लागि तथा पैरवी सम्बन्धी कार्यक्रमहरु गर्नको लागि मुक्त कमैया समाजको जिल्ला सम्मेलन सम्पन्न गरिएको थियो । सम्मेलनमा मुक्त कमैयाहरुको सवालमा आगामी स्वास्थ्य, शिक्षा, रोजगार लगायत अन्य सामाजिक सुरक्षाकालागि सम्बन्धित सरोकारवालाहरु संग सहकार्य तथा दवाव मुलक कार्यक्रम गर्नका लागि सहज भएको थियो । नयाँ नेतृत्व चयन भए पश्चात जनप्रतिनिधीहरु संग गरिने छलफल तथा अन्तरकृया र ज्ञापन पत्र जस्ता दवाव मुलक कार्यक्रमले बर्दिया बाहेक अन्य जिल्लामा समेत मुक्त कमैयाका सवालमा राज्यका संयन्त्रहरुले सम्बोधन गरेको पाईन्छ ।

## 2.1.1.Policy review of local/province government on Freed Kamaiya and Haliya issues

कार्यविधि पास गरे पश्चात मुक्त कमैया तथा छुट कमैयाहरुको लगत संकलनको काम निरन्तर अगाडी बढाएको छ । मुक्त कमैयाहरुको पुनर्स्थापना कार्यविधी सम्बन्धी स्थानिय र प्रदेशमा निरन्तर छलफल भइरहेको र पुनस्थापना कार्यविधिले निरन्तरता पाएको छ । हालको अवस्थामा बर्दिया, बांके, कैलाली, कञ्चनपुर र दांगमा मुक्त कमैया कार्यविधि बारे स्थानिय सरकार सँग ७ वटा पालिका संग छलफल हुनुको साथै ५ वटा पालिकामा पुनर्स्थापना कार्यविधी हस्तान्तरणको काम सम्पन्न गरिएको छ । र २ वटा पालिका बढैयाताल गाँउपालिका र राप्ती गाँउपालिकाले कार्यविधि परित गरिसकेको छ । त्यस्तै गरि सुदुर पश्चिम प्रदेशमा प्रदेश स्तरिय कार्यविधि सम्बन्धी निरन्तर छलफल, अर्न्तकिया कार्यकम, मस्यौदा समिति गठन तथा कार्यविधि माथि सुझाव संकलनको कामलाई अगाडी बढाईएको थियो । सुदुरपश्चिम प्रदेशमा कार्यविधि पास भएर २२ वटा मुक्त कमैयाहरुको घर निर्माण हुनुको साथै यस वर्षको निति तथा कार्यक्रममा मुक्तकमैया, कमलरी, हलिया सम्बन्धी बजेटले प्रथामिकता पाएको छ । लुम्बिनी प्रदेशमा पनि यस कार्यविधिको विषयमा प्रदेश सरकार सकारत्मक रहेको छ । अर्थिक वर्ष देखि मुक्त कमैयाहरुको क्षेत्रमा बजेट विनियोजनमा प्रथामिकता राख्नुको साथै शिक्षा, स्वस्थ्य, रोजगारी, जिविकोपार्जन, सिप मुलक तालिम जस्ता विषयमा बजेट प्रथामिकिकरणको लागि प्रतिबद्धता समेत गरेका छन् । सुदुरपश्चिम कार्यविधि निर्माणको लागि मस्यौदा समितिमा २ जना मुक्त कमैयाहरुलाई प्रतिनिधीको रुपमा राखि



मस्यौदा समिति सदस्यको रुपमा राखिएको थियो हालको अवस्थामा भुमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयबाट कार्यविधि पास भएर मुख्य मन्त्रीको क्यविनेटमा छलफल भएको थियो ।

दिपु चौधरी : मुक्त कमैया पुनर्स्थापना कार्यविधि निर्माण हुनु एकदमै सकारत्मक पक्ष हो । यस विषयमा पालिका तथा सुदुरपश्चिम सरकारले प्रकृया अगाडी बढएकोमा हामी एकदमै खुसि छौं । यदि वस्तविक रुपमा मुक्त कमैयाहरुको समस्या समाधान गर्ने हो भने छुट मुक्त कमैया तथा मुक्त कमैयाहरुको शिक्षा स्वस्थ्य र रोजगारी जस्ता विषयमा जोड दिन एकदमै आवश्यक रहेको छ । मुक्त कमैयाहरुको हक अधिकारको लागि स्थानिय तहले ठोस कानुन बनाउने र सोही अनुसारको नितिमा आधारित रहेर मुक्त कमैयाहरुको आयआर्जन,प्रविधिक शिक्षा,सिप मुलक तालिम,स्वरोजगर जस्ता विषय बस्तुमा आधारित रहेर मुक्त कमैयाहरुको लागि कार्यविधी तयार गरेमा स्थानिय सरकारलाई पनि सहज हुने भन्ने विषयमा छलफल भएको थियो । स्थानिय जनप्रतिनिधीहरु आफु पनि यस्तो खालको विषयमा सकारत्मक रहेको भन्ने कुरा जानउनुको साथै नितिलाई कार्यन्वयनमा ल्याउनको लागि नितिको ड्राफट तथा खाका उपलब्ध गराउनु पर्ने अवश्यक रहेको जानकारी गराउनु भएको थियो । निति निर्माणको लागि कमैया महिला जागरण समाज नेपाल,मुक्त कमैया समाज,एक्सन एड नेपाल र द फ्रिडम फण्ड पुर्ण रुपले सहयोग गर्ने भनि छलफल सम्पन्न भएको थियो । बढैयाताल गाउँपालिका उपाध्यक्ष लक्ष्मी अधिकारी मुक्त कमैयालाई लक्षित गरी कार्यक्रम प्राथमिकतामा राखी अघि बढ्ने बताउनु भएको थियो । मुक्त कमैयाहरुको पुर्नस्थापनाका लागि कार्यविधी निमार्ण गर्न आवश्यक रहेको बताउदै मुक्त कमैया, भूमिहीन सुकुम्बासीहरुको जीविकोपार्जनको लागि कृषीयोग्य जमिन, बेरोजगारीको अवस्था हुन नदिनको लागि पालिकाले कार्यक्रम बनाउनु पर्ने बताउनु भएको थियो ।

मस्यौदा बुझ्दै बढैयाताल गाउँपालिका उपाध्यक्ष लक्ष्मी कुमारी अधिकारीले मुक्त कमैया पुर्नस्थापना कार्यविधि २०८० पारित भए पछि गाउँपालिकामा कार्यान्वयन गरिने प्रतिवद्धता व्यक्त गर्नु भएको छ । मुक्त कमैया माझ अझैपनि जग्गा जमिनको समस्याका कारण जिविकोपार्जनमा निकै समस्या झेल्नु परिरहेको बताउदै त्यस तर्फ सरोकारवालाहरुको पनि ध्यान केन्द्रित हुनु पर्ने बताउनु भएको थियो ।

## 2.1.3.a.Interaction with Local Government on the demand of Freed Kamaiya

स्थानिय सरकार संग निरन्तर अर्न्तक्रिय पश्चात आर्थिक बर्ष २०८१/८२ सालको निति तथा कार्यक्रम र बजेटमा मुक्त कमैयाहरुकोमागले प्रथामिकता पाएको छ । स्थानिय तहले पनि मुक्त कमैयाहरुको जिविकोपार्जन, सिपमुलक तालिम, शिक्षा,



स्वस्थ्य, क्षमता विकास जस्ता शिर्षकहरुमा बजेट विनियोजन गर्न थालेका छन् । विगतको दिनमा मुक्त कमैयाहरुको सवाल तथा मागहरु स्थानिय तहमा एकदमै कमजोर भएको अवस्था थियो भने यस वर्षदेखि प्रत्येक पालिका स्तरमा मुक्त कमैयाहरुको विभिन्न माग तथा कार्यक्रममा स्थानिय सरकार सकारत्मक रहेको अवस्था छ । साथै मुक्त कमैया अगुवाहरु पनि स्थानिय सरकार संग सवाल तथा मागमा सहकार्य गर्दै आएका छन् । मुक्त कमैयाहरुको पनि नेतृत्व गर्ने क्षमतामा विकास भएको छ । स्थानिय सरकार संग अफै विभिन्न सावलमा पैरवी गर्न सक्ने भएका छन् । मुक्त कमैया समाज र कमैया महिला जागरण समाज नेपालले मुक्त कमैयाहरुको सवालमा निरन्तर पैरवी गर्दै आईरहेको छ । राज्यलाई जवाफदेहि परदर्शि बनाउने र मुक्त कमैयाहरुको जिविकोपार्जन, स्वस्थ्य, शिक्षा, ज्याला, पुनर्स्थापना लगायतका विषयमा मुक्त कमैयाहरुलाई राज्यले समयमा निति तथा कार्यक्रम बनाउनको लागि दबाब मुलक कार्यक्रम तथा पैरवी गर्दै आईरहेको छ । मुक्त कमैया समाजले स्थानिय सरकार र सरोकारवालाहरु संग मुक्त कमैया पुनर्स्थापनाको विषयमा यस २.५ बर्षमा ३७ पटक दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका विभिन्न पालिकामा मुक्त कमैया समास्य समाधानको लागि पालिका स्तरिय कार्यक्रम सम्पन्न गरेको छ ।



मुक्त कमैया पुर्नस्थापनाका लागि पालिकासंग अन्तरसम्बाद कार्यक्रम सम्पन्न भएको थियो । पालिका स्तरिय मुक्त कमैया समाजको अगुवाईमा स्थानिय सरकारको अधिकार क्षेत्र भित्र व्यवस्थित पुर्नस्थापना गर्न ध्यानआकर्षणका लागि सो कार्यक्रम सम्पन्न गरिएको थियो । मुक्त कमैया समाजको अगुवाईमा आयोजित सो कार्यक्रमको लागि जनप्रतिनिधी तथा सरोकारवालाहरु संग समन्वय गरिएको थियो । अर्न्तक्रिया कार्यक्रममा उठाईका सवालहरु : मुक्त कमैयाका बालबालिकाहरुलाई छात्रवृत्ति निरन्तर उपलव्ध गराउनु पर्ने, मुक्त कमैयालाई आयमुलक, सीपमुलक कार्यक्रमको लागि व्यवस्था गरिनु पर्ने, मुक्त कमैया बस्तीमा अनुगमन गरी विवादित रहेका स्थानको विवाद समाधान गर्नको लागि पहल गरनु पर्ने, मुक्त कमैया तथा विपन्न वर्गको उब्जाएको तरकारी तथा खाद्यन्न बाली जङ्गली जनावरले नोक्सानी गर्ने भएको त्यसको व्यवस्थापनको लागि ध्यान दिनु पर्ने, मुक्त कमैयाहरु निःशुल्क स्वास्थ्य बिमा गरिनु पर्ने, मुक्त कमैया बस्तीमा भौतिक निमार्णको विकास अगाडी बढाउनु पर्ने, मुक्त कमैया परिवार व्यवसाय सञ्चालनको लागि सहुलियत कर्जाको व्यवस्था गर्नु पर्ने तथा मुक्त कमैया स्वामित्वमा जग्गाधनी पुर्जा बनाउनका लागि पहल गर्नु पर्ने आदी समस्याहरुको बारका युवाहरुलाई रोजगारीको लागी व्यवस्था गर्नु पर्ने, मुक्त कमैया परिवारका बालबालिकाहरु प्राविधिक शिक्षाको लागि छात्रवृत्तिको व्यवस्था गर्नु पर्ने, जनप्रतिनिधीहरु समक्ष सुदिप चौधरी, रानी थारु, अस्तुर्नी थारुले सवाल गर्नु भएको थियो । बाँसगढी नगरपालिका उपप्रमुख इन्दीरा चौधरीले महिला तथा बालविकास शाखा र कृषी विकास शाखाबाट पनि भई रहेका सहयोग तथा कार्यक्रमको बारे जानकारी गराउदै मुक्त कमैयाहरु समस्यालाई सम्बोधन गर्नका लागि पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । त्यसै गरी नगरप्रमुख खड्क बहादुर खड्काले मुक्त कमैयाको आन्दोलनको सुरुवात देखि नै कमैया आन्दोलनलाई साथ दिएको बताउदै हाल धेरै परिवर्तन भएको तर केहि समस्याहरु अझै रहेको छ । त्यसैले आज यो अन्तरक्रियामा समस्या सम्बोधनका लागि आग्रह गर्नु भएको छ । अबका दिनमा स्वरोजगार हुनका लागि के गर्न सकिन्छ? आयमुलक,सीपमुलक कामको विस्तृत योजना बनाएर आउनुहोला हामी सहयोग गर्न तयार छौं । त्यसै गरी बढैयातालमा पालिका स्तरिय मुक्त कमैया समाज अध्यक्ष फुलाराम थारुको अध्यक्षता भएको सो कार्यक्रममा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्षहरुले मुक्त कमैयाको समस्या समाधानको लागि पहल गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

बेचुलाल थारु : अन्तर संवाद कार्यक्रममा चुनावअघि जनप्रतिनिधिहरुले मुक्त कमैया समास्या समाधानको लागि गर्नुपर्ने कामको प्रतिबद्धता गरेका थिए सोही प्रतिबद्धताको विषयमा छलफल गर्नुको साथै अबको दिनमा मुक्त कमयाहरुको पुनर्स्थापनाको लागि विनियोजन गर्नुपर्ने बजेट तथा कार्यक्रमको विषयमा छलफल गरिएको थियो । यस्तो खालको सवाल तथा विषयमा स्थानिय सरकार सँग छलफल गर्दा मुक्त कमैयाहरु हामीले स्थानिय सरकारबाट अधिकार पाउनुपर्छ भन्ने विषयमा जानकार भएर विभिन्न कार्यक्रम तथा छलफलमा सहभागि हुन थालेका छन् ।

## 2.1.3.b. Interaction in District Level on the demand of Freed Kamaiya

मुक्त कमैया समाज विगतको भन्दा हालको अवस्थामा परियोजना सञ्चालन पश्चात मुक्त कमैयाहरुको सवालमा जिल्ला तहमा रहेका सरोकारवालाहरु संग निरन्तर पैरवीमा चासो दिएको छ । मुक्त कमैया समाज ५ वटै जिल्ला दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा आ आफनो जिल्लामा रहेको सवाल पहिचान गरि जिल्ला स्तरमा विभिन्न अभियान तथा कार्यक्रम मार्फत मुक्त कमैयाहरुको समस्य प्रति सरोकारवालाहरुको ध्यान केन्द्रित गरेको छ । जिल्ला अनुसार मुक्त कमैयाहरुको समस्य प्रत्येक जिल्लामा फरक फरक रहेको छ । मुक्त कमैया समाज र कमैया महिला जागरण समाजले जिल्ला तहमा छलफल गरेर मुख्य समस्यलाई जिल्ला तहमा छलफल तथा अभियानहरु सञ्चालन गरिरहेको छ । मुक्त कमैयाहरुको बस्तीमा कमैयाहरुको समस्य थुप्रै रहेको देखिन्छ । जिल्ला स्तरमा रहेको समस्य जस्तै श्रेष्ता कायम, समुदायिक वनमा विवादित जग्गा, हातमा लालपुर्जा भएको तर जग्गा पहिचान गर्न गर्न नसकेको, काठ काटानी मुछानी वापतको रकम निकासा, शिक्षा, स्वस्थ्य, रोजगारी, ज्याला, सिपमुलक तालिम, छुट कमैया



पहिचान, पुनस्थापना जस्ता समस्याहरु रहेको छ। उक्त सवालमा छलफल गर्नको लागि २.५ वर्षमा ९ पटक जिल्ला स्तरमा ५ वटा जिल्ला दाङ, बांके, बर्दिया, कैलाली र कञ्चनपुरमा जिल्ला स्तरिय सरोकारवालाहरु संग सम्पन्न भएको छ।

जिल्ला समन्वय समिति प्रमुख : मुक्त कमैया समास्य समाधनको लागि अझै पनि स्थानिय सरकार,प्रदेश सरकार र केन्द्र सरकारले अभ्यास गर्नुपर्ने अवस्था रहेको बताउनु भयो। वस्तवमा मुक्त कमैयाहरुको समस्यामा सरकार चिन्तित छ कि छैन भन्ने विषयमा पत्ता लगाउन आवश्यक रहेको देखिन्छ। यसको विषमा मुक्त कमैया अगुवाहरुले पहल गर्न अवश्यक रहेको देखिएको छ। आफनो हक अधिकार स्थापित गर्नको लागि हामी अफै पनि चनाखो हुनुपर्छ भन्ने कुराको जानकारी गराउनुको साथै सरकारले मुक्त कमैयाहरुले प्राप्त गरेको जग्गा धितो राख्न पाउने र मुक्त कमैयाको युवाहरुलाई प्रविधिक शिक्षा अध्ययनको लागि सरकारले बजेट व्यवस्थापन तथा कोटा निर्धारण गर्न आवश्यक रहेको जानकारी गराउनु भएको थियो।

## 2.1.3.c. Interaction with Provincial and Federal Government on the demand of Freed Kamaiya

मुक्त कमैया समाज र कमैया महिला जागरण समाज मुक्त कमैयाहरुको सवालमा निरन्तर पैरवी गर्दै आईरहेको संगठन हो। संगठन मार्फत मुक्त कमैयाहरुले अफनो माग, मुद्धा र अधिकारमा पैरवी गर्न प्रदेश तह र केन्द्रिय तहमा सहज भएको छ। संगठन मार्फत मुक्त कमैयाहरुको सवाललाई सरोकारवालाहरु समक्ष पेश गर्दा कार्यन्वयनमा प्रथामिकता रहेको पाईएको छ। संगठनले गर्दा नै मुक्त कमैयाहरुको दबिएर रहेको अवाज र हक अधिकार विषयमा उठान गर्न सहज भएको छ। मुक्त कमैया समाजले यस ६ महिनाको अवधीमा लुम्बिनी प्रदेश, सुदुरपश्चिम प्रदेश र केन्द्रिय तहमा मुक्त कमैयाहरुको पुनस्थापना कार्यविधि, जिविकोपार्जन, शिक्षा, स्वस्थ्य, रोजगारी, ज्यालाको विषयमा आर्थिक बर्ष २०८१/८२ को बजेटमा निरन्तर सहकार्य, पैरवी, छलफल, डेलिगेशन, अर्न्तक्रया जस्ता कार्यक्रमहरु सम्पन्न गरेको छ। मुक्त कमैया, कमलरी र हलिया पुनस्थापना कार्यविधि कार्यन्वयनको लागि सुदुरपश्चिम प्रदेश सरकारका अर्थ मन्त्रालयका मन्त्री नरेश कुमार शाही र कानुन शाखा प्रमुख विच मुक्त कमैया, हलिया र कमलरी पुनस्थापना कार्यविधिका सन्दर्भमा छलफल भएको थियो। अर्थमन्त्रालयमा पेश भई आएका कार्यविधि माथि छलफल भईरहेको र छलफल पश्चात अगाडी बढाउने प्रतिबद्धता जनाउनु भएको थियो।



## 2.1.5 Orientation on public services to Kamaiyas and Haliyas

मुक्त कमैया समुदायमा सार्वजानिक सेवा अभिमुखिकरण कार्यकम पश्चात मुक्त कमैयाहरु समयमै जन्मदर्ता, मुत्यदर्ता, विवाहदर्ता, बसाईसराई र अन्य सिफारिसहरु समयमा लिन थालेका छन्। मुक्त कमैयाहरु पहिलेका अवस्थामा व्यक्तिगत घटना दर्ताको समय पुगेपनि समयमा लिदैंन थिए। भने हालको अवस्थामा मुक्त कमैयाहरुले सार्वजानिक सेवाको विषयमा जानकारी पश्चात यी सबै सेवाहरु समयमा लिन थालेका छन्। पालिका तथा वडा स्तरबाट विभिन्न सेवाहरु समयमा प्राप्त गरि सरकारले प्राप्त गर्ने सेवा सुविधा जस्तै तरकारी विउ अनुदान, स्वस्थ्य सेवा उपचार जस्ता सेवाहरु अभिमखिकरण कार्यकम पश्चात प्राप्त गर्न थालेका छन्। मुक्त कमैया परिवारलाई सार्वजनिक सेवासम्बन्धी अभिमुखिकरण कायकमको लागि मुक्त कमैयाहरुको पालिका तथा वडा तहमा रहेको संगठनमा अबद्ध सदस्यहरुलाई सार्वजनिक सेवा अभिमुखिकरण सम्बन्धी कार्यकम २.५ वर्षमा ५३ पटक संचालन गरिएको छ। प्रत्येक वडाका वडा सचिवहरुको सहजिकरण तथा सहकार्यमा कार्यक्रम संचालन गरिएको थियो। कार्यक्रममा वडा अध्यक्षहरु समेतको उपस्थिती रहेको थियो। वडाको जिम्मेवारी के वडा कार्यालयमा कसरी सेवा सहज रुपमा सेवा प्रवाह गर्न सकिन्छ भन्ने विषयमा छलफल



गरिएको थियो । सार्वजनिक सेवाका विषयमा जानकारी गराउदा घटना दर्ता, सामाजिक सेवा भत्ता लगाएत वडा कार्यालयबाट प्रदान गरिने सिफारिसको बारेमा समेत जानकारी गराईएको थियो ।

सिता थारु : सर्वजनिक सेवा सम्बन्धी कार्यक्रम बारे हाम्रो वडामा खसै जानकारी थिएन र कार्यक्रमको नामको बारेमा जानकारी नभएपनि जन्मदर्ता,नगरिकता,विवाहदर्ता,मुत्युदर्ता र बँसाईसराई बारे सेवा लिए पनि एकदमै धिलो तरिकाले समयमा नै सेवा लिने चलन भने थिएन । समयमा सेवा लिएमा यस्तो सेवाबारे निशुल्कमा सिफारिस हुन्छ भन्ने जानकारी पनि थिएन तर अहिलेको अवस्थामा कार्यक्रम सञ्चालन पश्चात समयमा सिफारिस सेवा लिनुको साथै आवश्यक सल्लह सुझाव लिनको लागि हाम्रो समुदायबाट सेवाग्रहीहरु अष्थयरो नमनी गईरहेको अवस्था छ । मुक्त कमैया समुदायमा सार्वजनिक सेवा सम्बन्धी अभिमुखिकरण कार्यक्रम पश्चात मुक्त कमैया समदायका परिवारहरु समयमा नै सेवा उपयोग गरिरहेका छन् । जन्मदर्ता १६१ जना, विवाह दर्ता ९६ जना, नगरिकता १३४ जना, मुत्यदर्ता ५० जना, बसाईसराई ६७ जना, सम्बन्ध विच्छेद ३ जना प्रतिलिपि ३ जना र अन्य सिफारिस सेवा ८६ जना प्राप्त गर्न सफल भएका छन् ।

### 2.1.4.Budget tracking of Local Government to identify the resource allocation and priorities of Local Government

स्थानिय तहले निर्माण गरेको निति कार्यक्रम र बजेट बारेमा अध्ययन अर्न्तक्रिया पश्चात मुक्त कमैयाहरुको विषयले स्थानिय तहको निति तथा कार्यक्रममा स्थान पांउन थालेको छ । वा वार्षिक बजेट तथा कार्यक्रममा सम्बोधन हुन थालेको छ । स्थानिय सरकारले बनाएको निति कार्यक्रम तथा बजेटको विषयमा अध्ययन गरिएको थियो उक्त अध्ययनको क्रममा मुक्त कमैयाहरुको बजेटले कति प्रथामिकता पाएको भन्ने विषयमा अध्ययन गरि पालिका स्तरमा रहेको सरोकारवालाहरु संग छलफल गरिएको थियो । बर्दिया जिल्लाको ४ वटा पालिका (बाँसगढी नगरपालिका, बढैयाताल गाँऊपालिका, राजापुर नगरपालिका र गेरुवा गाँऊ पालिका) पालिकाहरुको मुक्त कमैया सम्बन्धी नीति तथा बजेतको अध्ययन गरि एक प्रतिबेदन तयार गरिएको थियो उक्त प्रतिवेदन पालिकालाई बुझाउनुका साथै प्रतिबेदन माथि छलफल गरिएको थियो । मुक्त कमैया घोषणा भएको लामो समय हुँदा पनि बर्दियाका मुक्त कमैया विकासको मूलधारमा आउन सकेका छैनन् । जिल्लाको गेरुवा गाउँपालिका, बढैयाताल गाउँपालिका र राजापुर नगरपालिकामा भएको एक अध्ययनले सरकारले उनीहरुलाई पुन:र्स्थापना गरे पनि स्थानीय सरकारले नीति, कार्यक्रम र बजेटले सम्बोधन नगर्दा जीविकोपार्जन, शिक्षा, स्वास्थ्यलगायत विषयमा उनीहरुले सास्ती खेप्नुपरेको थियो । मुक्त कमैया समाजको बैठक, स्थानिय जनप्रतिनिधी र सरोकारवालाहरु संग अर्न्तक्रिया कार्यक्रमले पालिका तथा जिल्ला स्तरमा निरन्तरता पाएको छ । मुक्त कमैया समाज संगठनिक रुपले परिचालन सवाल तथा अभियानमा निरन्तर पैरवी गरिरहेको छ । हालको अवस्थामा बर्दिया जिल्लाको ४ वटा पालिका र २ वटा प्रदेशमा स्थानिय सरकार र प्रदेश सरकारले बनाएको बजेटमा के कस्ता शिर्षकमा मुक्त कमैयाहरुको सहभागिता रहेको छ । जस्तै : शिक्षा, स्वस्थ्य, सिप मुलक तालिम तथा रोजगारीको विषयमा स्थानिय र प्रदेश सरकारले बजेट विनियोजनमा प्रथामिकता दिएको वा नदिएको भन्ने विषयमा परमर्शदात्ता संग सम्झौता गरि बजेटको शिर्षकबारे पत्ता लगाईएको थियो । बाँसगढी नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम आर्थिक सामाजिक रुपमा पछ्याडी पारीएको वर्ग समुदायलाई समेट्ने प्रयास सकारात्मक रहको छ । नीतिका साथसाथै आवश्यक बजेट तर्जुमा गर्नु कुरा महत्वपूर्ण हुन जाने भएकाले ति वर्ग लिंग तथा समुदायलाई राज्यको मूलधारमा ल्याउन तथा उनीहरुको आीर्थक सामाजिक अवस्थालाई सुधारका लागि अलग अलग बजेट निर्धारण गरी सरकारले आफ्नै निगरानीमा योजना कार्यान्वन गर्दा अझ प्रभावकारी हुने देखीन्छ । स्थानिय सरकारको आफ्नो समय तथा मानविय श्रोत अभाव रहेका अवस्थामा सो कार्यक्रम प्रभावकारी गराउनका लागि मुक्त कमैयाको क्षेत्रमा काम गर्ने स्थानिय संस्था तथा बडघरलाई प्रत्येक्ष अनुगमनका आधारमा कार्यक्रम कार्यान्विय गर्दा सवाल सम्वोधन हुने देखिन्छ । बजेट विनियोजन लक्षित समुदायका लागि समग्रमा गरेको अवस्थामा लक्षित समुदायलाई आपसी कलह आउने खालको भएकाले ति लक्षित समुदायहरुका लागि छुट्टा छुट्टै कार्यक्रम बनाएर बजेट विनियोजन गर्दा राम्रो हुने देखीन्छ । यसर्थ नीतिगत कुराहरुलाई व्यवहारीक बनाउन बजेट प्रष्ट र प्रयाप्त हुनु आवश्यक देखीएको छ ।

## 2.1.6.c. Conduct Public hearing

मुक्त कमैया पुनर्स्थापना सार्वजानिक सुनुवाई कार्यक्रम पश्चात मुक्त कमैयाहरुले अफनो सवाल सम्बोधनको लागि स्थानिय तह संग पटक पटक सहकार्य गर्न थालेका छन् । मुक्तकमैयाहरु विगतको दिनमा अफनो सवालहरुलाई स्थानिय तह सम्मा कसरी लैजाने भन्ने विषयमा अन्योलमा रहेका थिए तर यस कार्यक्रमले मुक्त कमैयाहरुको सवाल उठान गर्नको लागि बाटो खुलाएको छ । मुक्त कमैयाहरुको निरन्तर बवाब र पैरवीले गर्दा स्थानिय तहले पनि मुक्त कमैयाहरुको मागलाई सम्बोधन गर्न थालको छ । मुक्त कमैया तथा कम्लरी पुर्नस्थापना सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम यस २ वर्षमा ४ पालिका बर्दियाको जिल्लाको गेरुवा गाँउपालिका, बढैयाताल गाँउपालिका, बाँसगढी नगरपालिका र बाँकेको राप्ती सोनारी गाँउपालिकामा पालिका संग सहकार्य गरि उक्त कार्यक्रम सम्पन्न भएको छ ।



स्थानिय सरकारले मुक्त कमैया सम्बन्धी के कस्तो खालको निति तथा कार्यक्रम र बजेटहरु विनियोजन गरेको छ भन्ने विषयमा मुक्त कमैया अगुवा प्रतिनिधि, सरोकारवालाहरुको बिचमा पालिकाले गरिरहेको काम वा मुक्त कमैयाको नाममा विनियोजन गरेको वार्षिक बजेट, योजना, निति तथा कार्यक्रमको विषयमा सार्वजानिक सुनुवाई गरि आगामी दिनमा अझै पनि मुक्त कमैयाहरुको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउनको लागि बजेटहरु बिनियोजन गर्ने भन्ने बिषयमा समेत छलफल गरिएको थियो । सार्वजानिक सुनुवाई कार्यक्रममा स्थानिय तहको बजेट निति तथा कार्यक्रमहरु अध्ययन गरि उक्त सार्वजानिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा गेरुवा गाँउपालिकाले हाल सम्मा मुक्त कमैयाहरुको लागि के कस्तो खालको बजेटहरुमा प्राथमिकता दिएको र निति तथा कार्यक्रममा मुक्त कमैयाहरुको पक्षमा नितिहरुको कार्यन्वयन गरे वा नगरेको भन्ने विषयमा खुल्ला छलफल गर्नुको साथै अझै पनि मुक्त कमैया बस्तीमा के कस्तो खालको समस्या तथा सवालहरु रहेको भन्ने विषयमा सहभागिहरुबाट प्रश्न तथा सुझावहरु संकलन गरि अबको दिनमा स्थानिय सरकारले के कस्तो खालको योजना तथा कार्यक्रममा काम गर्नुपर्ने भन्ने कुराहरु अधिकारवाला र सरोकारवाला बिच सवाल जवाफ गरिएको थियो । उक्त सवाल जवाफको अवस्थामा हेर्दा बाँकी रहेका मुक्त कमैयाहरुलाई उचित व्यवस्थापन, मुक्त कमैयाहरुको बालबालिकाहरुलाई निशुल्क शिक्षा, उच्चा शिक्षा, प्रविधिक शिक्षा, सिप मुलक तालिम, निशुल्क स्वास्थ्य विमा,बाटोघाटो, रोजगारी जस्ता सवालहरु उठेको थियो ।

उक्त सवालहरु सम्बोधन गर्दै गेरुवा गाँउपालिका अध्यक्ष के.सी. मुक्त कमैयाहरुको पहिचान, पुनर्स्थापना जस्ता विषयमा मुक्त कमैयाको लागि छुट्टै कानुन तथा निति नबानएको हुनाले कतिपय बजेट तथा योजनाहरु कार्यन्वयन गर्न गह्रो रहेको हुनाले कार्यविधि बनाउन नितन्त आवश्यक रहेको कुरा पालिका अध्यक्षले जानकारी दिनु भएको थियो । अबको अगामी दिनमा हामी कार्यविधि पास गरि कार्यविधिमा काम गर्ने प्रतिबद्धता जनाउनु भएको थियो । यस पालिकामा मुक्त कमैयाहरुको लागि स्थानिय सरकार एकदमै सकारत्मक रहेको र जिल्ला वन कार्यलयमा रहेको काठ वफातको रकम निकासाको लागि पनि स्थानिय सरकारले विभिन्न प्रयास तथा सहकार्य गर्दै आईरहेको कुरा कार्यक्रममा जानकारी गराउनु भएको थियो । मुक्त कमैयाहरुको परिवारकालागि विशेष खालको सुविधा शिक्षा, स्वस्थ्य र खानेपानी , आयआर्जन सिप विकासमा प्रथामिकता दिने छौ ।



## 2.1.7. Joint Monitoring and meeting with Kamaiya and Haliya groups by Govt. officials

स्थानिय सरकारको प्रत्यक्ष उपस्थितीमा मुक्त कमैयाको दैलो मै गएर मुक्त कमैयाका सवालमा छलफल गर्नका लागि मुक्त कमैया समाज र कमैया महिला जागरण समाजको समुस्थितीमा कार्यक्रम संचालन भएको चार वटै पालिकामा विभिन्न समयमा विभिन्न स्थानमा गरि २.५ बर्षमा २० पटक छलफल गरिएको थियो । मुक्त कमैयाहरु अझै पनि पहिचानमा छुटेका, पुनर्स्थापनका कार्यक्रम बाट बञ्चित भएको, जग्गा अरुले उपभोग गरिरहेको, सत्ता भर्ना पाउनु पर्ने जग्गाको सत्ता भर्ना नपाएको, अरुको जमिनमा घर बनाएर बस्न बाध्य रहेको व्यहोरा उल्लेख गरेका थिए । अनुगमन कार्यमा मुक्त



कमैयाहरुको बस्तीमा रहेको विवदित जग्गाको विषय, मुक्त कमैया बस्तीमा रोजगारीको अवस्था, अवसर र सम्भवना, परियोजना मार्फत सहयोग पश्चात मुक्त कमैया परिवारको जिविकोपार्जन र क्षमता बिकास तथा शिक्षामा के कस्तो खालको सहयोग पुगेको भन्ने विषयमा समेत छलफल गरिएको थियो । यसका लागि मुक्त कमैयाहरुका बारेमा पहिला देखि नै संलग्न रहेका पालिका प्रमुखहरुलाई पूर्ण जानकारी रहेको पाईन्छ भने केहि पालिका प्रमुखहरुलाई भने जानकारी गराइएको थियो । जानकारीमा रहेका पालिका प्रमुखहरुले मुक्त कमैयाका केन्द्र तहको नेतृत्वहरुले पालिकाले पहिचान सहितको पुनर्स्थापनाको लागि संघिय सरकार संग पैरवी गरिदिन आग्रह गरेका छन् । संघिय सरकारले स्थानिय तहले आफ्नो पालिकामा रहेका मुक्त कमैयाहरुको पहिचान तथा पुनर्स्थापनाका लागि आफै व्यवस्था गर्न सक्ने नीति ल्याएमा १ बर्षमै स्थापनाका कार्यक्रम गर्न सक्ने र वास्तविक मुक्त कमैयाहरु दुःख पाईरहेको विषयमा आफुमा जानकारी रहेको तथा यस विषयमा आफु प्रतिबद्ध भएको भनी गेरुवा गा.पा. का अध्यक्षले जानकारी गराउनु भयो भने अन्य पालिका प्रमुखहरुले भने मुक्त कमैया बसोबास रहेको वस्तीहरुलाई विकासको मुलधारमा ल्याउने कुरा बताउनु भएको थियो । सञ्चालित कार्यकमलाई परदर्शि तथा जवाफदेहि बनाउनाको लागि स्थानिय सरकार सँग सहकार्य गरि कार्यकम सहयोग गरिएको क्षेत्रमा संयुक्त अनुगमन कार्यकम सम्पन्न गरिएको छ । सयुक्त अनुगमन कार्यकममा स्थानिय सरकार सँग सहकार्य गरेर पालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्ष, वडा सदस्य र सम्बन्धीत शाखा प्रमुखहरु सँग सहकार्य गरि सयुंक्त अनुगमन गरिएको थियो । अनुगमन कार्यकममा कमैया महिला जागरण समाज नेपालले के कस्तो खालको सहयोगहरु उपलब्ध गराएको त्यस सहयोगबाट के कस्तो खालको परिवर्तन तथा उपलब्धीहरु भएको भन्ने



विषयमा छलफल गर्नुको साथै यस बस्ती विकासमा के कस्तो खालको बाधा वा समस्याहरु रहेको भन्ने विषयमा छलफल भएको थियो । बढैयाताल गाँउपालिका स्तरिय मुक्त कमैया समाजका अध्यक्ष फुलराम थारुले कमैया बस्तीमा अझै पनि समस्याहरु यथावत रहेको कुरा जानकारी गराउनु भएको थियो । यस पालिकामा मुक्त कमैयाहरु आज सम्म पनि पुनर्स्थापना हुन नसकेको अवस्था छ । कसैको लालपुर्जा छ जग्गा छैन , समुदायिक वनमा कित्ताकाट भएकोले जोतभोग गर्न पाएका छैनन् , मुक्त कमैयाहरुले प्राप्त गरेको जग्गाको श्रेष्ता कायम छैन, घर निर्माण तथा काठ वाफत पाउनु पर्ने रकम प्राप्त गरेका छैनन् , सिपमुलक तालिम तथा आयआर्जनको स्रोत नभएको हुनाले यस पालिकामा कमैयाहरु स्वारोजगार रहेका छन् त्यसको साथै शिक्षा, स्वस्थ्य, रोजगारी जस्ता विविध समस्याहरु रहेको जानकारी गराउनु भएको थियो । उक्त जानकारी पश्चात बढैयाताल गाँउपालिका अध्यक्ष यस पालिकामा रहेको मुक्त कमैयाहरुको समस्या समाधानको लागि आफु सकारत्मक रहेको र विभिन्न तह सँग सहकार्य गरि सकेसम्म मुक्त कमैयाहरुको बस्ती बिकासको लागि आफु लागि परेको जानकारी गराउनु भएको थियो ।

प्रमुख प्रशासकिय अधिकृत अर्जुन सुवेदीले भन्नु भएको थियो, समदायिक बनको विबादित जग्गाको विषयमा "स्थानीय सरकार माथि मुद्धा हाल्नुस् । हामीले छलफल गर्ने वातावरण बन्छ ।"

टेशनपुरमा ७ जना मुक्त  कमैयाहरुको जग्गा परोपकार सामुदायिक बनमा रहेको छ । सामुदायिक बन निज मुक्त कमैयाहरुलाई जोतभोग गर्न दिएको छैन् । २०६७ साल मा जग्गा प्राप्त गरेको भएतापनि सो बसोबास पहिले देखि नै गरेको स्थानीय बासी फुलाराम थारुले बताउनु भएको थियो । उनीहरुले  चार चार कठ्ठा जमिन जग्गा धनी पुर्जा रहेको भएतापनी घरबास मात्र भोग गर्न पाएका छन् । ३८ जना मुक्त कमैयाको जग्गामा सुकुमबासी बसोबास गरेको अवस्था रहेको छ । तर सो जमिन मुक्त कमैयाहरुको नाममा जग्गा धनी पुर्जा रहेको र मुक्त कमैयाहरुले नै मालपोत कर तिर्दै आईरहेका छन् ।

## 2.1.14. Palika Level Data Collection of Haliya and Kamaiya

स्थानिय तहले मुक्त कमैयाहरुको पुनर्स्थापनाको लागि तथा शिक्षा, स्वस्थ्य, कृषि ज्याला, रोजगारी जस्ता विषयमा रहेको समस्यालाई सम्बोधन गर्नको लागि मुक्त कमैयाहरुको तथ्यांक संकलनको कार्य ३ वटा पालिकामा सम्पन्न गरेको छ । सोही तथ्यांकमा हाएको विवरणलाई आधार मानेर पालिका स्तरमा कति मुक्त कमैयाहरु अझै पनि पुनस्थापना बाँकी रहेका छन् एकिन गरि पुनस्थापना र परिचयपत्र वितरणको लागि कार्य गर्ने योजना रहेको छ । मुक्त कमैया समाजले स्थानिय तह संग मुक्त कमैया पुनस्थापना, जिविकोपार्जन, शिक्षा, स्वस्थ्य, रोजगारी जस्ता विषयमा पटक पटक बजेट विनियोजनको विषयमा अर्न्तकिया छलफल गरे पनि पालिकाले ध्यान नदिएको छुट मुक्त कमैयाहरुको व्यवस्थापनमा कुनै वस्ता नगरेको हुनाले मुक्त कमैया समाज र कमैया महिला जागरण समाज नेपालले यस विषयलाई मुख्य सवाल बनाएर स्थानिय तह संग निरन्तर सहकार्य पश्चात मुक्त कमैया तथा छुट कमैयाहरुको तथ्यांक संकलन कार्य बर्दिया जिल्लाको बढैयाताल गाउँपालिका, गेरुवा गाँउपालिका र दाङ जिल्लाको राप्ती गाउँपालिका गरि ३ वटा पालिकामा मुक्त कमैया तथा छुट मुक्त कमैयाहरुको तथ्यांक संकलनका लागि अभिमुखिकरण कार्यक्रम र लगत संकलन कार्य सम्पन्न भएको छ । लगत संकलन कार्यको लागि पालिकामा रहेको कार्यपालिका समितिमा छलफल गरि मुक्त कमैया तथा छुट कमैयाको तथ्यांक संकलन गर्ने, लगत संकलन समिति गठन, गणक छनौट, गणकको परिश्रमिक, गणक नियुक्ती, फोकल पसर्न छनौट र प्रविष्टकर्ता सम्बन्ध र फारम छपाई जस्ता विषयमा छलफल गरिएको थियो ।



कमैया महिला जागरण समाज नेपालका परियोजना अधिकृत राजेन्द्र प्रसाद थारु ज्युले कार्यकमको उदेश्य बारे जानकारी गराउनु भएको थियो । गाँउपालिकामा परिचय पत्र प्राप्त मुक्त कमैयाहरुको पुनर्स्थापना हुन नसकेको तथा छुट मुक्त कमैयाहरु अझै पनि राज्यले प्रदान गर्ने सेवा सुविधाबाट बञ्चीत रहेका छन् । मुक्त कमैयाहरुलाई राज्यले औपचारिक रुपमा मुक्तिको घोषणा गरेपनि हालको अवस्थामा मुक्त कमैया बस्तीमा शिक्षा, स्वस्थ्य, रोजगार, सिपमुलक तालिम जस्ता विषयमा समस्या रहेको र उहाँहरुको जिविकोपार्जनमा समेत समस्या रहेको कुरा जानकारी गराउनु भएको थियो । गाँउपालिकाले मुक्त कमैया परिचयपत्र प्राप्त कमैया र छुट कमैयाहरुको तथ्यांक संकलन पश्चात अगामी दिनमा व्यवस्थापन गर्न सहज हुने र सोही तथ्यांकको आधारमा मुक्त कमैयाहरुको शिर्षकमा बजेटहरु विनियोजन गर्न  सहज हुनुको साथै कस्तो खालको कमैयाहरुलाई सहयोग गर्नुपर्ने अवस्था रहेको भन्ने सन्दर्भमा सहज वातावरण सिर्जना हुने भन्ने कुरा जानकारी गराउनु भएको थियो । गाँउपालिकाले मुक्त कमैया परिचयपत्र प्राप्त कमैया र छुट कमैयाहरुको तथ्यांक संकलन पश्चात अगामी दिनमा व्यवस्थापन गर्न सहज हुने र सोही तथ्यांकको आधारमा मुक्त कमैयाहरुको शिर्षकमा बजेटहरु विनियोजन गर्न सहज हुनुको साथै कस्तो खालको कमैयाहरुलाई सहयोग गर्नुपर्ने अवस्था रहेको भन्ने सन्दर्भमा सहज वातावरण सिर्जना हुने भन्ने कुरा जानकारी गराउनु भएको थियो । छुट मुक्तकमैयाहरुको लगत संकलन गरी उनीहरुलाई राज्यबाट प्रदान गरिने सेवा सुविधाका लागि परिचय पत्र प्रदान गर्न गणकहरुलाई  अभिमुखीकरण गरिएको कमैया महिला जागरण समाजका परियोजना अधिकृत राजेन्द्र चौधरीले जानकारी दिनु भएको छ ।

**3.1.1. Orientation on existing legal provisions and program on Freed Kamaiya and Haliya and its implementation status**

विद्यामान कानुनि प्रवधान सम्बन्धी मुक्त कमैया अगुवाहरु जानकार भएका छन् । सोही जानकारी र ज्ञान सिपको आधामा मुक्त कमैयाहरुले स्थानिय र प्रदेश सरकार संग कमैया समुदायमा रहेको सवाल र मागको विषयमा पैरवी गरिरहेका छन् । मुक्त कमैया अगुवाहरुले विद्यामान कानुन र नितीगत विषयको बारेमा जानकारी पश्चात अफनो सवाल र पैरवीलाई समाधानको लागि स्थानिय तथा प्रदेश तहमा बहस गर्नुको साथै समस्या समाधानको लागि अडान लिन थालेका छन् । मुक्त कमैया समाज र कमैया महिला जागरण समाज संगठनमा अबद्ध रहेका अगुवाहरुलाई मुक्तकमैयाहरुको अधिकारमा पैरवी तथा वकालत गर्नको लागि मुक्त कमैया सम्बन्धी विद्यामान कानुनको विषयमा जानकार हुन अति आवश्यक रहेको थियो । र यस कार्यक्रमले मुक्त कमैया अगुवाहरुको ज्ञान र क्षमता विकास गरेको छ । यस कार्यक्रम सञ्चालन पश्चात मुक्त कमैया अगुवाहरुले अफुले पाउने अधिकार बारे जानकारी प्राप्त गरि स्थानिय सरकार समक्ष अफना माग, वकालत र पैरवी गर्न सक्ने भएका छन् । अफनो बस्तीको लागि अधिकार खोज्न सक्ने भएका छन् । नेपाल सरकारले व्यवस्था गरेको निति बारे प्रश्न गरि अधिकारमा वकालत गरिरहेका छन् । उक्त कार्यक्रम बर्दिया जिल्लाको ४ पालिकामा मुक्त कमैया सम्बन्धी विद्यमान कानुनी व्यवस्था बारे अभिमुखिकरण २.५ वर्षमा १२ पटक सम्पन्न भएको छ ।



कमैया मुक्तिको आन्दोलन तथा मुक्त कमैया पुर्नस्थापनाको लागि भएको संघर्ष तथा आन्दोलनको ऐतिहास, मुक्त कमैया पुर्नस्थापनाको लागि भएको कानुनी व्यवस्था, कानुनी रुपमा देखा परेका कमीकमजोरी, मुक्त कमैयाहरुको समस्या र समाधानको लागि मुक्त कमैया तथा सरोकारवालाहरुको भुमिका बारे छलफल गरिएको थियो ।

सहभागिहरुले कार्यक्रममा अफनो धारणा पनि राखेका थिए जुन कि राज्यले मुक्त कमैया सम्बन्धी विद्यामान कानुनी व्यवस्था तथा निति निर्माण गरेपनि हामी समुदायमा बसोबास गर्ने मुक्त कमैयाहरु जानकार नभएर राज्यबाट प्राप्त गर्ने सेवा सुविधाबाट बञ्चित रहेको र सेवा सुविधा तरथा अधिका प्राप्त गर्नको लागि के कस्तो खालको योजना तथा नितिहरु रहेको भन्ने विषय पनि थाह नभएर विभिन्न सेवा सुविधाबाट छुटनुको साथै अधिकार बाट बञ्चित रहेका थियो ।

कार्यक्रममा सहभागि मुक्त कमैया अगुवा तथा मुक्त कमैया परिवारका सदस्याहरु मुक्त कमैया विद्यामान कानुनको विषयमा जानकार भएका थिए । जुन कुरा कानुनी रुपमा राज्यबाट मुक्त कमैयाहरुको लागि विभिन्न खालको निति रहेको छ भन्ने विषयमा थाह पाउनुको साथै कस्तो खालको सेवा प्राप्त गर्नको लागि कस्तो खालको कानुनको आधारमा स्थानिय तह वा राज्यबाट प्राप्त गर्न सक्ने सेवा सुविधामा दाबी गर्न सक्ने र अफनो अधिकार तथा सवालमा अवाज उठाउनको लागि सहज हुने कुरा जिकिर गरेका थिए । यस विद्यामान कानुनी व्यवस्थाबारे समुदाय तथा संगठनमा अबद्ध रहेका सदस्यहरुलाई पनि जानकारी गराई स्थानिय तह सम्मा अधिकार दाबी गर्ने भनि सहभागिहरुले प्रतिबद्धता गरेका थिए । अस्तुर्नी थारु , बसन्तटोलः कुन कार्यको लागि के कस्ता आवश्यक कागजात चाहिन्छ भनि जानकारी भएको छ । जसले गर्दा आवश्यक कागज पत्र लिएर जादाँ वडा कार्यलयमा तथा अन्य निकायमा काम छिटो छरिटो हुने गरेको छ । काम प्रक्रिया बारे जानकारी भएको ले गर्दा म जहाँ पनि निर्धक्क भएर आफ्नो विचार राख्न सक्ने भएको छु । स्थानीय जनप्रतिनिधीहरुसंग मुक्त कमैयाको समस्या बारे बहस गर्न सहज भएको छ ।

किसनी थारु, विरेन्द्रनगरः आफ्नो अधिकार बारे चासो थिएन् । कानुन बारे खासै जानकारी पनि थिएन् । नेपाल सरकारको कानुनी अर्चन बारे जानकार हुनेको साथै अहिले स्थानीय जनप्रतिनिधिहरुसंग बहस गर्न सजिलो भएको छ । के कस्तो खालको सेवा सुविधा राज्यबाट प्राप्त गर्न सकिन्छ र कुन नितिलाई टेकेर जाँदा कस्तो खालको सेवा तथा सुविधा प्राप्त गर्न सकिन्छ भन्ने विषयमा जानकार भयो ।

### 3.1.4.Day Celebrations

सन् २०२३ मा कमैया मुक्ति दिवस ५ जिल्लामा सम्पन्न गरिएको थियो । कार्यक्रम प्रत्येक जिल्लामा जिल्ला स्तरिय सम्पन्न गरिएको थियो सोही कार्यक्रम सञ्चालन गर्नको लागि स्थानिय सरकार, प्रदेश सरकार र संघ संस्थाको सहकार्य तथा मुक्त कमैया समाजको अयोजनामा कार्यक्रम सञ्चालन गरिएको थियो । २४ औं कमैया मुक्ति दिवस बर्दिया जिल्लाको राजापुर नगरपालिका वडा नं. ४ सरस्वती समुदायिक भवन घरको प्रङ्गणमा २०८० श्रावण २ गते भव्य रुपमा सम्पन्न भएको छ । मुक्त कमैया समाज बर्दिया जिल्ला अध्यक्ष श्री दुखराम थारुको सभाध्यक्षतामा भएको सो कार्यक्रममा प्रमुख अतिथि लुम्बिनी प्रदेश मुख्य मन्त्री श्री डिल्ली बहादुर थारु रहनु भएको थियो । विशिष्ट अतिथी लुम्बिनी प्रदेश भौतिक पुर्वाधार मन्त्री श्री धर्म बहादुर चौधरी रहनु भएको थियो । अतिथीमा प्रदेश संसाद भुवनेश्वर थारु,जन्मजय तिम्लसेना,पुर्व पशुपछी सघिंय मन्त्री सन्तकुमार थारु,प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यलय नारायण प्र.रिसाल,सुर्य बहादुर विष्ट जिल्ला समन्यवय समिति प्रमुख,राजापुर नगरपालिका नगर प्रमुख दिपेश थारु,मधुवन नगरपालिका नगर प्रमुख तेज बहादुर भाट,बारबर्दिया नगरपालिका नगर प्रमुख छबिलाल थारु,राजापुर नगरपालिका नगर उप प्रमुख मनकला चौधरी,बार बार्दिया नगर उप प्रमुख रत्ना कुमारी पाण्डे, वडा अध्यक्ष ज्युहरु, काग्रेंस जिल्ला सभापति अरुण प्रकाश सिंह रठोर,राजनितिक दलका पाटीप्रतिनिधी ज्युहरुको सहभागितामा २४ औं कमैया मुक्ति दिवसको अवसरमा "सम्पुर्ण मुक्त कमैयाहरुको व्यवस्थित पुर्नस्थापनाका लागि एकतावद्ध हौं ।" भन्ने मुल नारा सहित र्‍याली राजापुर बजार परिक्रमा गरी पुर्न मञ्च कार्यक्रम स्थालमा आई औपाचारिक कार्यक्रम भएको थियो । कार्यक्रममा जनप्रतिनिधिहरु, सरोकारवाला निकाय, मुक्त कमैया, मुक्त कमलरी, पत्रकार, समाजिक संघ संस्थाको सहभागिता रहेको थियो । २४ औं कमैया मुक्ति दिवस राजापुर बर्दिया २०८० श्रावण २ गते भव्य रुपमा सम्पन्न भएको छ । सरस्वती सामुदायिक बनको चौरमा भएको सो कार्यक्रममा प्रमुख अतिथि लुम्बिनी प्रदेशको मुख्य मन्त्री रहनु भएको थियो ।



कमैया मुक्ति दिवस कार्यक्रममा लुम्बिनी प्रदेशका मुख्य मन्त्री डिल्ली बहादुर चौधरीले मुक्त कमैया परिवारको निःशुल्क स्वास्थ्य विमा, स्नातक तह सम्मको अध्ययन निःशुल्क र मुक्त कमैयालाई वितरण गरिएको जग्गालाई बैङ्किग प्रयोजनमा प्रयोग हुन सक्ने बनाउने प्रतिवद्धता गर्नु भएको छ । २०५७ श्रावण २ गते तत्कालीन प्रधानमन्त्री शेर बहादुर देउवाको सरकारले मुक्त गरेको २४ वर्ष सम्म पनि अझै सबैको उचित व्यवस्थापन नभएको भन्दै राजापुर क्षेत्र समग्र बर्दियाका मुक्त कमैया परिवारको व्यवस्थापनको लागि केन्द्रिय सरकारसंग विशेष पहल गर्ने बताउनु भएको थियो । आफ्नो हक अधिकारका लागि बोल्न नसक्ने थारु समुदायका व्यक्तिहरु दासतामा रहेका कमैयाहरुको नयाँ जीवनको लागि आफुहरुले निकै ठुलो संघर्ष गर्नु परेको बताउदै मुक्त कमैयाहरुले छोटो समयमा गरेको प्रगति देखे आफु भावुक हुने गरेको बताउनु भएको थियो । उनले भन्‌ "जग्गा व्यवस्थापनका लागि केन्द्र सरकारसंग कुरा गर्छौ । केन्द्र सरकारले व्यवस्थापनका गर्न सकेन भने आगामी आर्थिक बर्षको बजेटमा सम्बोधन गरेर जग्गा नपाएकाहरुलाई जग्गाको व्यवस्थापन गर्छौ ।" बन्यजन्तु पीडितहरुलाई प्रदेश मार्फत बीमाको सुविधा सुरु भई सकेको स्मरण गराउदै प्रदेशका सबै जिल्लालाई जातिय कलष्टरका आधारमा विकास योजनामा लैजाने मोडल सार्वजिक गर्नुका साथै स्थानिय जातिका सांस्कारिक परिकारलाई प्रबद्धन गर्दै उत्पादन मार्फत आयआर्जनमा जोड्न प्रदेश सरकारको योजना बनाएको जानकारी गराउनु भएको थियो ।



### 3.2.3.Support freed kamaiyas and Haliyas youth to get vocational/ skill development training

मुक्त कमैया परिवारका युवाहरुलाई प्राविधिक शिक्षा सहयोग पश्चात युवाहरु व्यवसायक हुन थालेका छन् । प्राविधिक शिक्षाको विषयमा ज्ञान, सिप लिए पश्चात मुक्त कमैया युवाहरु अत्मानिर्भर हुन थालेका छन् । एक्सन एड नेपाल र कमैया महिला जागरण समाज नेपालको सहयोगमा सञ्चालित नेपालमा कृषिमा आधारित बधुँवा श्रम अन्त्य परियोजना अर्न्तगत



मुक्त कमैया परिवारका बालबालिकाहरुलाई व्यवसायक तथा प्रविधिक दक्ष जनशक्ति तयार गरि व्यवसायक तथ ा सिप मुलक बनाउन र मुक्त कमैया परिवारहरुको जिविकोपार्जनमा सुधार गरि राज्यको हरेक क्षेत्रमा मुक्त कमैयाहरुको प्रतिनिधीत्वको लागि प्रविधिक जनशक्ति उत्पादन गर्ने उद्धेश्य अनुरुप मुक्त कमैयाहरु युवाहरुलाई २.५ वर्षमा २४ जनालाई युवाहरुलाई प्रविधिक शिक्षा शिक्षा सहयोग गरेको छ । भेटेरिनरी जे.टी.ए. ११ जनाले, कृषि जे.टि.ए.१० जना, सब ओभरसियर ३ जना गरि २४ जनाले अध्ययन गरेका छन् । जसमध्ये १० जना पास भईसकेको ४ जनालाई विषय लागेको १ जनाले ओ.जे.टी गरिरहेको र ९ जनाले कक्षा निरन्तर लिईरहेका छन् । प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरु मध्ये तरकारी खेती २ जना पशु उपचार घरदैलो ५ जना एग्रोभेटमा १ जना र ६ जना रोजगारको खोजीमा रहेका छन् । प्राविधिक शिक्षा अध्ययन गरेका केहि युवाहरुलाई विषय लगेपनि कृषि र भेटेरिनेरी जे.टि.ए. अध्ययन पश्चात मुक्त कमैयाका युवाहरुलाई स्वारोजगर भईरहेको र व्यवसायमा संलग्न तरकारी खेति, एग्रोभटमा काम गर्ने, पशु स्वस्थ्य उपचार गरि मासिक ५ हजार देखि ९००० सम्म अम्दानी कमाउन सफल भएका छन् ।

## 3.1.3. Campaigns Events



एक्सन एड नेपाल र कमैया महिला जागरण समाज नेपालको सहयोगमा सञ्चालित नेपालमा कृषिमा आधारित बँधुवा श्रम अन्त्य परियोजना अर्न्तगत मुक्त कमैयाहरुको अधिकार तथा सवालमा पैरवी गर्नको लागि वडा, पालिका र जिल्ला समितिको बैठकले निरन्तरता पाएको छ निरन्तर बैठक र छलफलको मध्यमले नै मुक्त कमैयाहरुको अभियानमा तथा पैरवीको लागि छलफल र बहस गर्न सहज भएको छ । बांके,बर्दिया, कैलाली,कञ्चानपुर र दांगमा नेपाल सरकार बाध्य भएर वि.स. २०५७ श्रावण २ गते कमैया मुक्त घोषणा गऱ्यो । तर हाल सम्म पनर्स्थापनाको कम सम्पन्न हुन सकेको छैन । अझै पनि कमैयाहरु जग्गा विहिन अवस्थामा रहेका छन् उक्त विषयमा सरकारलाई ध्यानअकर्षण गराउनको लागि धनगढी कैलालीमा मुक्त कमैयाहरुद्धारा अधिकारका लागि यात्रा (साईकल ऱ्याली) कार्यक्रम गरिएको थियो ।

#### अधिकार यात्रा २०८० (साईकल ऱ्याली), कैलाली

कैलाली र कञ्चनपुर जिल्लामा मुक्त कमैया, बुक्रही, कमलहरीहरुको न्यायीक पुर्नस्थापनाको लागि अधिकार यात्रा सम्पन्न भएको थियो । कैलालीमा अधिकार यात्राको क्रममा शक्तिनगर शिविरबाट जुलुस सहित टिकापुरको खड्क चोकबाट अधिकार यात्रा साईकल ऱ्याली सुरु भएको थियो । टिकापुर न.पा. ३ वडा अध्यक्षले औपचारिक रुपमा उत्घाटन गर्नु भएको थियो । १५ जना मुक्त कमैया तथा अधिकारकर्मीहरु द्धारा साईकल अधिकार यात्राको सुरुवात गरिएको थियो । यात्रा अगाडी बढ्दै गर्दा साईकल यात्रामा साईकल ऱ्यालीमा प्रत्येक मुक्त कमैया बस्तीबाट थपिदै थिए । प्रत्येक मुक्त कमैया बस्ती हुदै गरिएको अभियान (साईकल यात्रा) मा लाईकपुर, लम्की बजार, चाहानानगर, सुखड, सृष्टिनगर, जोशीपुर बजार, भजनी, दिदीबहिनी, विपतपुर, हसुलिया, बढैपुरबजारमा कोणसभा गरिएको थियो । अभियानमा मुक्त कमैया समाज केन्द्रिय अध्यक्ष पशुपति

चौधरी, कमैया महिला जागरण समाज नेपालको अध्यक्ष विरुणी थारु, मुक्त कमैया समाजको जिल्ला अध्यक्ष भरत लाल थारु, रामफल चौधरी, लम्कीचुहा नगरपालिका नगर उपप्रमुख सुशिला शाही तथा फ्रिडम फण्डको बालाराम भट्टराईले अभियानलाई सम्बोधन गर्नु भएको थियो । मुक्त कमैया, बुक्रही तथा कमलहरीहरुको न्यायोचित पुर्नस्थापना मागको लागि गरिएको यात्रामा मुक्त कमैयाहरुले आफ्नो समस्या सरकारलाई सम्बोधन गर्न दवाब सृजना गरेका छन् । २०८० बैषाख १४ देखी शुरु भएको अधिकार यात्रा १७ अत्तरियामा कैलाली कञ्चनपुर दुबै टोलीको एकमुष्ट कोणसभा गरीएको थियो । र प्रदेश सम्मेलनको लागि तयारी गरिएको थियो ।




विश्व सामाजिक मञ्च को १६ औं संस्करण २०२४ मा मुक्त कमैयाहरुको माग मुद्धा र सवाललाई उठान गर्नको लागि कमैया महिला जागरण समाज नेपाल र मुक्त कमैया समाजको सहयकार्यमा मिति २०८० फागुन २ गतेका दिन एक्सनएड नेपाल र विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी  संस्था संग परिचयत्मक कार्यक्रम र मुक्त कमैयाहरुको माग तथा सवालको विषयमा जानकारी गराउनुको साथै मिति २०८० फागुन ३ गतेका दिन मुक्त कमैयाहरुको सवाल संग जोडेर संस्कृतिक नाचगान, ऱ्याली प्रर्दशन, प्लेकार्ड मार्फत सवालको विषयमा प्रस्तुत गरिएका थिए । मिति २०८० फागुन ४ गतेका दिन विश्व सामाजिक मञ्च कार्यक्रममा नेपालमा विभिन्न समयमा मुक्त घोषणा गरिएका कृषि बाँधा मजदुरहरुको तत्काल पुनर्स्थापनाका लागि नेपाल सरकारको ध्यानकर्षणको लागि हस्ताक्षर अभियान कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा सवालगत पहिचानको लागि विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय समाजिक अभियान्ता, मानव अधिकारकर्मि र अन्य सरोकारवालाहरुले हस्ताक्षर संकलन गरिएको थियो । समस्यालाई समाधानमा राज्यलाई दवाब मुलक अभियान सञ्चालन गरिएको थियो । मिति २०८० फागुन ५ गतेका दिन मुक्त कमैया, कमलरी र हलियाको माग सम्बोधन गर्नको लागि संस्कृतिक कार्यक्रम र प्ले कार्ड मार्फत ऱ्याली गर्नुको साथै कमैया महिला जागरण समाज नेपालका अध्यक्ष विरुणी थारुले मुक्त कमैयाहरुको अहिलेको अवस्थाको विषयमा रहेको समस्याको विषयमा मन्त्वय राख्नुको साथै सोही अवस्थालाई सम्बोधन गर्नको लागि राज्य तथा हरेक संघ संस्था र अभियानकर्मिहरु गम्भिर हुनपर्ने ध्यानकर्षन गराउनु भएको थियो ।



मिति २०८० फागुन ६ गतेका दिन सवालगत अभियानमा कृषि बँधुवा मजदुरको मुक्ति, सबैको सरोकार पहिचान सहित न्यायोचित पुनर्स्थापना हाम्रो अधिकार नेपालमा कृषिमा आधारित बँधुवा श्रमका मुक्त समुदायका अवस्था तथा मुद्धा विषयक गोष्ठी सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा फ्रिडम फाण्ड, एक्सनएड नेपाल, कमैया महिला जागरण समाज नेपाल, मुक्त कमैया समाज, मुक्त कमलरी विकास मञ्च, मुक्त कमैया विकास मञ्च, हरुवा चरुवा र राष्ट्रिय हलिया महासंघको सहकार्यमा साझा मुद्धा तथा सवालको कार्यक्रमको बारेमा प्रस्तुतिकरण तथा छलफल गरिएको थियो उक्त सवाल तथा सम्बोधनलाई गैर सरकारी महाँसंघले पुनस्थापनाको विषयमा कसरी सहकार्य तथा सहयोग गर्ने र राज्यलाई कसरी दवाब दिने भन्ने विषयमा सकारत्मक रहेको र यस्तो खालको माग र मुद्धालाई  उठान गर्नको लागि राज्यलाई दवाब दिन हरेक दुष्टिकोणबाट सकारत्मक तरिकाले लागि पर्ने जानकारी गराउनु भएको थियो । मिति २०८० फागुन ७ गतेका दिन एक्सनएड नेपालले अयोजना गरेको कार्यक्रममा सहभागी भएर पशुपति चौधरी ज्युले मुक्त कमैयाहरुको अवस्था विषयकमा विचार व्यक्त गर्नुको साथै कार्यक्रम समापन भएको थियो ।



## 3.2.2. IGA and business development training to Freed kamaiyas and Haliyas

मुक्त कमैया परिवारको सामाजिक, आर्थिक अवस्थामा सुधार ल्याउन तथा संगठन सुढृढिकरण सवालमा पैरवी बनाउनको लागि बर्दिया जिल्लाको ४ पालिका राजापुर नगरपालिका, गेरुवा गाँउपालिका, बढैयाताल गाँउपालिका र बाँगढी नगरपालिकामा रहेका मुक्त कमैया परिवारलाई २.५ वर्षमा ५ पटक उद्यम शिलता विकास तालिम सम्पन्न गरिएको छ । तालिममा मुक्त कमैया समाज वडा तथा बस्ती स्तरमा छलफल गरि परिवारिक अवस्था कमजोर भएका र व्यावसाय सञ्चालन गर्न चहने मुक्त कमैया परिवारलाई तालिमको लागि छनौट गरि पालिका समिति र नगरपालिका तथा गाँउपालिका, वडा कार्यालय संग सहकार्य गरि कार्यक्रम व्यवस्थापन समितिको बैठकबाट छलफल गरि तालिम सञ्चालन गरिएको थियो । उद्यमशिलता विकास तालिममा ५ वटा जिल्लामा संगठनिक रुपमा काम गरिरहेको अवस्था मुक्त कमैयाहरुको हक, अधिकार पैरवी गर्नको लागि मुक्त कमैयाहरुलाई विभिन्न खलको क्षमता अभिबृद्धि तालिम, अभिमुखिकरण, स्थानिय, प्रदेश तथा केन्द्रीय सरकारमा दबाब सिर्जना गर्नुको साथै मुक्त कमैयाहरुको बालबालिकाहरुलाई विद्यालयमा अध्ययन गर्नको लागि शैक्षिक सामाग्री सहयोग साथै प्रविधीक शिक्षा अध्ययनको लागि सहयोग समेत गर्दै अईरहेको र मुक्त कमैयाहरुको आर्थिक अवस्था र जिविकोपार्जनमा सुधार ल्याउनको लागि कृषि तथा गैर कृषि व्यवसायमा समेत सहयोग गर्दै अईरहेको र संगठनको रुपमा ५ ओटा जिल्लामा नै विभिन्न अभियान तथा बैठकहरु संञ्चालन गर्दै अइरहेको भनि जानकारी राजेन्द्र प्रसाद थारुले जानकारी गराईएको थियो ।



विरुणी थारु कमैया महिला जागरण समाज नेपाल अध्यक्ष : उद्यमशीलता विकास तालिममा आफुले जानेको कुरा सिकाउने र नजनेको कुरा सोध्ने व्यवसायक उद्यमशिलता विकास तालिमले व्यवसय गर्न सहज हुनुको साथै ज्ञान,सिप तथा क्षमता अभिबृद्धि हुने छ । तपाँइहरुले छनौट गरेको व्यवसाय सहज तरिकाले सफल बनाउनाको लागि तालिम सञ्चालन गरेको भन्ने अपेक्षा लिनुको साथै तालिम पश्चात व्यवसाय गरेर तपाँइहरुको अर्थिक तथा दैनिक जिविकोपार्जनमा सुधार आउनेछ । मुक्त कमैयाहरु अझै पनि संगठित हुन र अफनो हक अधिकारको लागि स्थानिय सरकारलाई दवाब दिनुपर्ने अफनो माग मुद्धमा जानकार भई स्थानिय सरकारलाई खबरदारी गर्न अवश्यक रहेको भनि जानकारी गराउनु भएको थियो ।



मिना थारु : व्यवसायिक योजनाको बारेमा सुनेको त थिए तर मलाई व्यवसयिक योजना बनाउन अउदैनथ्यो । र व्यवसायक योजना बनाउदा के कस्ता काममा व्यवसाय गर्ने व्यक्तिलाई फाईदा हुन्छ भन्ने कुरा थाह थिएन र मलाई लगदैनथ्यो कि म व्यवसयिक योजना बनाउन सक्छु भनेर तर यस तिन दिनको उद्यमशिलता विकास तालिमले मलाई व्यवसय गर्न सहज हुनुको साथै मैले व्यवसाय गर्दा कति लगानी लगाउनु पर्छ र कुन कुन कुरामा ध्यान दिनुपर्छ भन्ने कुराको जानकारी पाए म धेरै खुसि छु यस व्यवसायिक योजना तालिमले पक्कै पनि म अफनो व्यवसायलाई सफल बनाउन सक्ने तालिम प्राप्त गरेको छु ।



विर बहादुर थारु : व्यवसायिक योजनाको बारेमा केहि पनि जानकारी थिएन व्यवसाय गर्न मन त लगथ्यो तर व्यवसायमा निरन्तरता कसरी दिने दिगोपन कसरी बनाउने र योजना निर्माण कसरी गर्ने केहि कुरा थाह थिएन । तर यो तालिममा सहभागि हुन पाँउदा त व्यवसयलाई दिगोपन बनाउनको लागि धेरै कुराहरु आवश्यक पर्दो रहेछ भन्ने कुराको जानकारी पाए । योजना निर्माण गर्न तथा अभिलेख राख्न सक्ने भएको छौं ।

उद्यमशिलता विकास तालिममा सहभागिहरुले व्यवसायको बारेमा जानकारी पाउनुको साथै, व्यवसायक योजना बनाउने तरिका र अफै पनि आफनो व्यवसाय सञ्चालनको लागि अवश्यक पर्ने स्रोत पहिचान र आवश्यक पुँजीको बारेमा जानकारी

पाउनुको साथै अफै पनि योजना बनाउन सक्ने भएका थिए बजार र बजारीकरण,जोखिम बहान उत्पादन योजना र बजार योजनाको बारेमा जानकारी पाएका थिए । त्यसको साथै व्यवसाय गर्नको आवश्यक पर्ने ज्ञान सिप र क्षमताको विकास भएको भनि तालिको सहभागिहरुले जानकारी गराएका थिए ।

### 3.2.4. a. Start up support for income generation activities

मुक्त कमैयाहरुको जिविकोपार्जनमा सुधार ल्याउन र संगठन विस्तार तथा अभियान तथा सवालमा पैरवी गर्नको लागि मुक्त कमैया परिवारलाई २.५ वर्षमा १५० जना मुक्त कमैया परिवारलाई कृषि तथा गैर कृषि व्यवसाय सञ्चालनको लागि



सहयोग गरिएको छ । कार्य सम्पन्न गरिएको छ । किराना पसल, ठेला पसल व्यवसाय सञ्चालनको लागि आवश्यक अनुमानित लागत योजना तयार गरी संस्था, मुक्त कमैया समाज र व्यवसायकर्ता विच सम्झौता गर्ने निर्णय भएको थियो । सोहि निर्णय बमोजिम आवश्यक सामाग्री स्थानीय बजारबाट खरिद गरिएको थियो । छनौट भएकाहरु कमैया महिला जागरण समाज नेपालको आयोजनामा सम्म उद्यम विकास सम्बन्धी ३ दिने तालिममा सहभागि भएका थिए । तालिमका सहभागिलाई व्यवसायीकर्ता, व्यवसाय गर्दा ध्यान दिनु पर्ने कुरा तथा व्यवसायीक योजना निमार्ण गर्ने बारे सिकाई भएको थियो । तालिम पश्चात व्यवसाय सुरुवात गर्नको लागी छनौट भएका प्रत्येक व्यवसायकर्तालाई रु बीस हजार अनुदान सहयोग गरिएको थियो ।व्यवसायिक सहयोग प्राप्त पश्चात तेन्जु थारुले भन्नु हन्छ अब मैले यस ठेला व्यवसायबाट नै अफनो जिवन जिउने आधार तयार पर्ने छु र मलाई मेरो परिवार आर्थिक जिविकोपार्जनमा केहि सहज हुनेछ । त्यसको साथै मेरो छोराछारीलाई विद्यालय पढाउन समेत सहज हुने कुरा तेन्जु थारुले बताउनु भएको छ । मैले पहिला व्यवसाय सञ्चालन गरेपनि साईकलमा राखेर विकि गर्न जाने गरेको थिए तर त्यो व्यवसाय जस्तो देखिदैनथ्यो अहिले सहयोग पएपछि १ वटा ठेला र आवश्यक कच्चा समाग्री खरिद गरि व्यवसाय सञ्चालन गरेको छु अब यस ठेलाबाट मलाई व्यवसाय सञ्चालन गर्न सहज हुने छ ।



व्यवसायिक सहयोग प्राप्त पश्चात कृष्णी थारुले भन्नु हन्छ अब मैले यस किराना पसल व्यवसायलाई निरन्तर सञ्चालन गर्ने र परिवारको आर्थिक अवस्थामा सुधार ल्याउने भनि जानकारी गराउनु भएको थियो । मैले अफु जस्तै मुक्त कमैया समुदायमा रहेका महिलाहरुलाई व्यवसायमा संलग्न गराउने सोच रहेको बताएका छन् ।



कार्यक्रममा संस्था द्धारा सञ्चालित परियोजनामा मार्फत मुक्त कमैयाहरुको आर्यआर्जन गर्नको लागि गरिएको व्यवसायिक सहयोगको अनुगमन गरिएको थियो । अनुगमनको क्रममा विष्णु थारुको बाखापालन, अमित थारुको किराना पसल, र फुलाराम थारुको किराना पसलको अनुगमन गरिएको थियो । अनुगमनको क्रम सो व्यवसायबाट सम्बन्धीत व्यवसायीहरु राम्रो आम्दानी गरि रहेको पाएको छ । अमित थारु दैनिक २००० देखी २५०० सम्म कारोबार हुने र व्यवसायबाट सामान्य घरखर्च चलाउन सहज भएको बताउनु भएको थियो । त्यसै गरी फुलाराम थारुले दैनिक २००० देखि ३००० सम्म कारोबार हुने गरेको बताउदै व्यवसायबाट आफु सन्तुष्ट रहेको छु भन्नु भएको थियो ।



**3.3.2. Scholarship support to students of haliya family to join and rejoin school (School uniform, Bags and stationeries)**

बर्दिया जिल्लाको ४ पालिका बढैयाताल गाँउपालिका, गेरुवा गाँउपालिका, राजापुर नगरपालिका र बाँसगढी नगरपालिकामा रहेको मुक्त कमैया परिवारका बालबालिकाहरुलाई शैक्षिक अवस्थामा सुधार ल्याउन र विद्यालय पहुँच भन्दा टाढा रहेका वा विद्यालय छोडेका विद्यार्थीहरुलाई विद्यालय सम्मा पुऱ्याउन र कक्षामा कक्षा छोडने दर घटाउनाको लागि २.५ वर्षमा छात्र ८१५ जना र छात्रा १२६५ गरि जम्म २०८० जना बालबालिकाहरुलाई शैक्षिक सामाग्री सहयोग गरिएको थियो । शैक्षिक समाग्रीहरु विद्यालय पोषाक, झोला, कपी, कलम, ज्यामेति बक्स वितरण गरिएको थियो । समाग्रीमा १ थान झोला, कपि पुष्पाञ्जाली ५८ ग्रामको १८ पिस, डटपेन १५ पिस, ज्यामेटि बक्स १ वटा, विद्यालय पोषाक(सर्ट १.६० मी. पाईन्ट १.१० मी.) १ सेट रहेको थियो ।



मुक्त कमैया तथा विपन्न परिवारको बालबालिका अनिवर्य हुनुपर्ने र सोही बालबालिका ६ देखि १० कक्षामा अध्यनरत हुनपर्ने ,गत बर्ष छात्रबृत्ति प्रप्त गरेका वा स्थानिय तथा अन्य संघ संस्था बाट छात्रबृत्तिमा नदोहरिएको हुनुपर्ने भनि छलफल तथा जानकारी गराईएको थियो । यदि एकदमै कमजोर परिवारका बालबालिकाहरु छन भने केहि सिमित बालबालिका १ देखि ५ सम्म अध्ययनरत भएको बालबालिकाहरुको नाम समेत संकलन गरि पालिका स्तरको मुक्त कमैया समाज संग सिफारिस गरि विद्यालय तथा वडा कार्यलय र पालिका संग सिफारिस तथा सहकार्य गरि सहयोग गर्ने गरि छलफल गरिएको थियो ।

मुक्त कमैया समाज बस्ती समिती द्वारा समुदायको बालबालिकाहरुको विवरण संकलन तथा छनौट, मुक्त कमैया समाज पालिका समिती द्वारा छनोट तथा सिफारिस, बालबालिका विद्यालयमा रहेको भनि प्रमाणित विद्यालयबाट सिफारिस, सम्बन्धित वडा कार्यालय र पालिकाबाट सिफारिस लिई बालबालिकाहरुको छनौट प्रक्रिया अवलम्बन गरिएको थियो ।



शैक्षिक सामाग्री सहयोग वितरण नगरप्रमुख, शिक्षा शाखा प्रमुख, वडा अध्यक्ष, प्र.अ. वा प्रतिनिधि, अभिभावक र बालबालिकाहरुसंग समन्वय गरेर अतिविपन्न तथा मुक्त कमैया परिवारका बालबालिकाहरुलाई शैक्षिक सहयोग वितरण गरिएको थियो । सामाग्री वितरण कार्यक्रममा जनप्रतिनिधी, शिक्षक, अभिभावक तथा बालबालिकाहरुको उपस्थिती रहेको थियो ।

शैक्षिक समाग्री हस्तान्तरण गर्दै नगर प्रमुख खड्काले विद्यार्थीलाई शैक्षिक सामाग्री सहयोग गरकोमा कमैया महिला जागरण समाजको प्रशंसा गर्दै धन्यबाद दिनु भएको थियो । उहाँले शैक्षिक समाग्री राम्रो सग सदुपयोग गर्न पनि आग्रह गर्नु भएको थियो । विगतको दिनमा हामी तपाई पढ्न, लेख्न नपाएर प्राविधि ज्ञान शिक्षा हासील गर्न नस्कदा जुन किसीमका दुख पाईरहेका छौ । त्यो किसिमको दुख हाम्रा छोराछोरी त्यो किसीमको दुख नपाउन भनेर तपाई हामी सबै मिलेर सचेत हुन जरुरी रहेको बताउनु भयो । लामो समयदेखि तपाई हाम्रो छोराछोरी पढान लेखन पठाई रहदा जुन किसीमका परिणाम आउनु पर्ने हो त्यो किसीको वातावरण नआउदा निरास हुनु पर्ने अवस्था आएको छ । त्यसैले यो अवस्थालाई अव कसरी आसा भरोसा लाग्दो बनाउन सकिन्छ भनेर प्रयासरत रहेको बताउनु भयो । साथै आ आपना बालबालिकामा ध्यानदिनु पर्ने कुरामा कमी नर्गन पनि सुझाव दिनु भयो ।

साथै विद्यालयको तर्फ बाट गर्नु पर्ने काम विद्यालय क्षेत्रभित्रका सरोकारवालाई त्यस तर्फ अग्रसर गराउने प्रतिवद्धता जनाउनु भयो । कार्यक्रममा शिक्षा शाखा प्रमुख मन प्रसाद रेग्मी र वडा न ( का वडा सदस्य मनिराम थारुले कमैया महिला जागरण समाजले सहयोग गरेको शैक्षिक सामाग्री देखदामा सानो भए पनि बालबालिकाको शिक्षण सिकाईमा ठुलो सहयोगी हुने अपेक्षा गर्नु भएको थियो । साथै आफ्ना बालबालिकालाई सधै विद्यालय पठाउन पनि आग्रह गर्नु भयो । शैक्षिक सामाग्री पाउदा बाँसगढी नगरपालिका वडा न ( की धनकुमारी चौधरी धेरै खुसी लागेको बताउनु भयो ।

गेरुवा गाँउपालिका जमन सिंह के.सी. कमैया महिला जागरण समाज नेपालले विगत वर्ष देखि नै मुक्त कमैया परिवारका बालबालिकाहरुलाई शैक्षिक सामाग्री वितरण गरि विद्यार्थीहरुको पढाईमा सुधार तथा गुणस्तर कायम गरेको छ । परिवारिक अवस्था कमजोर रहेका मुक्त कमैया परिवारको बालबालिकाहरुलाई शिक्षा क्षेत्रमा पँहुच बढाउनको लागि एकदमै राम्रो काम

गरेको छ । बालबालिकाहरुले छात्रबृत्ति प्राप्त गरिसके पछि अभिभावकहरुले पनि हेरचाह गर्न आवश्यक रहेको जानकारी गराउनु भएको थियो र आगामी दिनमा पनि कमैया महिला जागरण समाज नेपालले यस क्षेत्रमा रहेको मुक्त कमैया परिवार र अति विपन्न परिवारलाई सहयोग गर्ने छ भनि कार्यक्रम बोल्नु भएको थियो ।

## ५९ औं राष्ट्रिय बाल दिवस २०८० को अवसरमा वक्तृत्वकला प्रतियोगिता कार्यक्रम

**बाल दिवस कार्यक्रम पश्चात बालबालिकाहरुको बोल्ने सिप र क्षमता बढेको छ । हालको अवस्थामा बालबालिकाहरु विभिन्न कार्यक्रममा भाग लिनुको साथै समान्य ज्ञान तथा अन्य पठयपुस्तकहरु समेत अध्ययन गर्ने बानीको विकास भएको छ । विद्यालयमा अध्ययनको लागि निरन्तरता दिन थालेका छन् ।** एक्सन एड नेपाल र कमैया महिला जागरण समाज नेपालको सहयोगमा सञ्चालित नेपालमा कृषिमा आधारित बँधुवा श्रम अन्त्य परियोजना अर्न्तगत बर्दिया जिल्लाको ४ वटा पालिका राजापुर नगरपालिका, गेरुवा गाँउपालिका,बढैयाताल गाँउपालिका र बाँसगढी नगरपालिकामा ५९ औं राष्ट्रिय बाल दिवस कार्यक्रमको लागि शिक्षा शाखा, महिला तथा बालबालिका शाखा, पालिका प्रमुख तथा उप प्रमुख, विद्यालय र संघ संस्थाहरु सँग समन्वय र सहकार्य बाल दिवश कार्यक्रमको तयारी व्यवस्थापन र शिर्षकमा छलफल गर्नको लागि तयारी बैठक बसिएको थियो । राष्ट्रिय बाल दिवश कार्यक्रम तयरी बैठकमा विषयवस्तु तथा शिर्षकबारे पनि छलफल गर्दा गेरुवा गाँउपालिकामा “मुक्त कमैया बालबालिकाहरुको शिक्षामा पँहुच र सरोकारवालको भुमिका” विषयक वत्तृत्वकला कार्यक्रम,बढैयाताल गाँउपालिकमा "मुक्त कमैयाको अवस्था" भन्ने शिर्षकमा’ वक्तृत्वकला प्रतियोगिता,बाँगढी नगरपालिकामा “मुक्त कमैयाहरुका बाल बालिकाहरुको वर्तमान शैक्षिक अवस्था” विषयमा निबन्ध लेखन कार्यक्रम (बाल जम्बोर कार्यक्रम) र राजापुर नगरपालिकामा “बालबालिकामा लगानी” विषयक निबन्ध लेखान प्रतियोगिता कार्यक्रम ५९ औं राष्ट्रिय बालदिवशको अवसरमा बाल दिवसको नारा : “बालबालिकामा लगानी : सुनिश्चित भविष्यको थालनी” भन्ने मुल नाराका साथ मुक्त कमैया परिवारका बालबालिकालाई लक्षित गरेर कार्यक्रम सञ्चालन गरिएको थियो । बाल ज्याम्बोरे कार्यक्रममा बालबालिकाहरुको शिक्षामा लगानीको आवश्यकतालाई पहिचान गर्नमा सहयोग र दबाब पुगेको पुगेको देखिन्छ ।

बाल ज्याम्बोरे कार्यक्रमले बालबालिकाहरूको प्रतिभा प्रस्फुटनलाई मौका दिनुका साथै बँधुवा श्रमको संघर्ष तथा मुद्दालाई पनि जनमानसमा ल्याउन सकिने भएकोले विद्यालय तथा पालिका तहको कार्यक्रम आयोजना गरिएको थियो । बालबालिका, बालअधिकार, कमैया जस्ता दासप्रथाका बारेमा तथा समुदाय, विद्यालय तथा स्थानीय तहले कमैया समुदायका लागि गर्नुपर्ने कार्यका बारेमा वक्तृत्वकला प्रतियोगता, निबन्ध प्रतियोगिता सञ्चालन गरिएको थियो । कार्यक्रममा पुरुष २२६ र महिला २८४ गरि जम्मा ५१० जनाको सहभागिता रहेको थियो ।



५९ राष्ट्रिय बाल दिवसको अवसरमा **नगर प्रमुख, उपप्रमुख,** शिक्षा शाखा,महिला तथा बालबालिका शाखा र संघसंस्थाको सहकार्यमा कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रम बालबालिकामा लगानी भन्ने विषयक निबन्ध लेखान विषयक कार्यक्रममा आधारभुत र माध्यमिक तहमा अध्ययनरत रहेका मुक्त कमैया परिवारका बालबालिकाहरुलाई पहिलो प्रथामिकतामा राखेर कार्यक्रम सञ्चालन गरिएको थियो **।** राष्ट्रिय बाल दिवस कार्यक्रममा ४ वटा पालिकामा ५ स्थानमा कार्यक्रम सञ्चालन गरिएको थियो सोही कार्यक्रममा जम्मा ५० जनाले भाग लिएका थिए ५० जना मध्ये १८ जना मुक्त कमैया परिवारका बालबालिकाहरु प्रतिस्पर्धा गरेका थिए ।

बाल ज्याम्बोरे कार्यक्रममा मुक्त कमैयाका सवालहरुमा विभिन्न कार्यक्रमहरु गर्ने योजना अनुसार बाँसगढी नगरपालिकामा अन्तर विद्यालय स्तरिय निबन्ध लेखन प्रतियोगिता भएको छ । जसमा ३ वटा विद्यालयका जम्म ६ जना विद्यार्थीहरुले भाग लिएका थिए । र निबन्धको शिर्षक मुक्त कमैयाका बालबालिकाहरुको वर्तमान शैक्षिक अवस्था रहेको मा सहभागी भाई वहिनीहरुले  निबन्धमा मुक्त कमैयाको इतिहास र कमैया हुनु पर्ने कारण र कमैया माथी भएका अत्याचार ,शोषण र दुरव्यवहारको बारेमा लेखेका छन् र प्रसिद्ध समाजशास्त्री कार्ल माक्सको सिद्धान्त अनुसार जव जव समाजमा हुने खाने वर्गले नहुने गरिब विपन्नमाथी शोषण गर्दछ । त्यसबाट मुक्ति पाउन गरिब कमैया मजदुर हेपिएको वर्गले त्यसको प्रतिकार गर्नु पर्छ द्वन्द आन्दोलन गर्नु पर्छ । त्यसरी नै मुक्त कमैयाको आन्दोलन सुरु भयो फल स्वरुप वि सं.२०५७ साउन २ गते नेपाल सरकारले कमैया मुक्तिको घोषणा गरेको हो । निबन्धमा लेखेका छन सरकारले कमैया मुक्तिको घोषणा त गरेयो तर पुर्न स्थापना गर्न सकेना जसको कारण मुक्त भएर धेरै दु:ख भोग्न बाध्य भएको कुरा पनि उल्लेख गरेका छन । पहिले को अवस्थामा कमैया का बाल बालिका पढ्न नपाएको भए पनि हाल धेरै हद सम्म सन्तोषजनक रुपमा पढ्न पाएको अवस्था छ । तर पनि अति विपन्न मुक्त कमैयाका बाल बालिकाहरु शैक्षिक अधिकार बाट बन्चित हुनु परेको छ । कारण के भन्दा सरकारले आधारभुत तथा अनिवार्य निशुल्क शिक्षा गरेको अवस्था छ । तर विद्यालयमा आवश्यक पर्ने शैक्षिक सामाग्री र स्कुल ड्रेस किन्न नसकेर पनि बिचमा पढाई छोड्ने गरेको विषयलाई निबन्धमा लेखेका छन । बाँसगढी नगरपालिकाको हकमा बाल कक्षा देखि १० कक्षा सम्म निशुल्का गरेको छ । भने प्रदेश सरकार र पालिका बाट उच्च शिक्षा का लागि जेहेन्दार मुक्त कमैया, मक्त कमलरी हरु बाट ५ देखि १० जना जति विद्यार्थीहरुलाई वर्षेनी केही रकम छात्रवृत्तिको रुपमा छनौट गरेर दिने गरेको छ । यसले केहि हद सम्म त ठिकै हो तर सरकारले यसता खालका विपन्न हरुको बाल बालिकाहरुको उच्च शिक्षाको लागि निशुल्क गर्नु पर्दछ । समग्रमा अहिलेको अवस्थामा मुक्तकमैयाका बाल बालिकाहरुको शैक्षिक अवस्था राम्रो रहेको छ । अन्य बाल बालिका र मुक्त कमैया का बाल बालिका हरुलाई नभनि एउटै किसिमको सामान व्यवहार गरिन्छ । निबन्धमा उल्लेख गरेका छन ।



## Campaigns Events (GAWE)

Globle Action Week for Education कार्यक्रम  सञ्चालन पश्चात गुणस्तरिय तथा निशुल्क शिक्षाको लागि विभिन्न निती तथा कार्यक्रमहरु तयार गर्न थालेको छ गेरुवा गाँउपालिकामा यस आर्थिक वर्षदेखि स्थानिय सरकारले शिक्षामा गुणस्तर कायम गर्नको लागि निशुल्क शिक्षा सम्बन्धी निति बनाएर कार्यन्वयन गरिएको छ । विभिन्न निति तथा कार्य पश्चात सन् २०२३ मा बर्दिया जिल्लाको ४ वटा पालिकामा एक्सनएड नेपाल र कमैया महिला जागरण समाज नेपालको सहयोग **र** यूवा बखेरी केन्द्रको आयोजनामा निशुल्क, गुणस्तरीय सार्बजनिक शिक्षा सम्भब छ । सन्दर्भ शिक्षाका लागी बिश्व ब्यापी सप्ताह २०२३ शान्तिपुर्ण भेला राजापुर नगरपालिकाको चोक बजारमा सम्पन्न भएको थियो । यूवा बखेरी केन्द्रको आयोजनामा भएको कार्यक्रममा बिशेष गरेर शिक्षालाई निशुल्क र गुणस्तर बनाउन जनप्रतिनिधि र सरोकारवाला निकायलाई ध्यानाकर्षण गराउनको लागि सो कार्यक्रम युवाहरुको अगुवाईमा सञ्चालन गरिएको थियो । कार्यक्रम गरिरहदा बाटोमा हिड्ने व्यक्तिहरुले कार्यक्रमका बिषयमा जानकारी लिदाँ यूवाहरुले जानकारी गराएका थिए । शिक्षा लाई गुणस्तर बनाउन यूवाहरु लागेकोले सहभागिहरु खुशि ब्याक्त गरेका थिए यूवाहरुलाई यस प्रकारका गतिबिधिहरुमा सहभाागी गराउनु पर्ने पनि सुझाब पनि दिएका थिए ।



शिक्षा सम्बन्धी पोस्तर, पम्पिलेट प्रर्दशन गरि राजापुर बजार परिकमा गरिएको थियो । यूवाहरुको सहभागितामा शिक्षा सम्बन्धी सुचना प्रर्दशनीमा सबैको ध्यान आर्कषित गर्न भिजिबिलिटी लगाएर

कार्यक्रम गरिएको थियो । यूवा बखेरी केन्द्रका अध्यक्ष भागरथ चौलागाईले सम्पुर्ण कर्मचारी, जनप्रतिनिधिले आफ्नो बालबालिकालाई समुदायिक बिद्यालयमा पठनपाठन गराउने र शिक्षालाई गुणस्तरिय बनाउनमा जोड दिनु पर्ने कुरा बताउनु भएको थियो । युवाहरुको अगुवाईमा शिक्षाको गुणस्तरमा सुधार ल्याउनको लागि शिक्षा शाखा प्रमुख,प्रमुख प्रशासकिय अधिकृत र नगर उप प्रमुख ज्युलाई १६ बुंदे माग सहित ध्यानर्कषण पत्र समेत बुझाएका थिए । त्यसको साथै यस ध्यानर्कषण पत्रमा रहेका केहि मागलाई मध्यनजर गर्दै २०८०/८१ को बजेटमा प्रथामिकीकरण गरि बजेट छुट्टयाउन अनुरोध गरेका थिए ।

बाँसगढी नगरपालिका प्रमुख खड्क बहादुर खड्का, शिक्षा अधिकृत छत्र बहादुर शाही ज्यू लाई ध्यानाकर्षण पत्र युवाहरुले बुझाएका थिए । शिक्षालाई गुणस्तरिय, अनिवार्य तथा निःशुल्क शिक्षा बनाउदै प्राविधिक शिक्षामा विशेषमा जोड दिनका लागि युवाहरुले माग राखेका थिए ।




ध्यानाकर्षण पत्र बुझ्दै नगरप्रमुख ज्युले भन्नु भयो, “शिक्षा सम्बन्धी जायज मागहरु लिएर आउनु भएको छ । यी मागहरु हाम्रो योजनामा रहेको छ । क्रमिक रुपमा कार्यन्वयनका लागि क्रियाशिल रहेका छौं । हामीहरु बाँसगढी नगरपालिकाहरुको स्थानिय शिक्षा योजना तयार गरेर अगाडी बढ्ने कोशिस गरि रहेका छौं । कक्षा ८ सम्म पूर्ण रुपमा निःशुल्क कार्यन्वयनमा ल्याएका छौं । साथै माथिल्लो कक्षालाई पनि क्रमिक रुपमा निःशूल्क बनाउने योजनामा रहेका छौं । शिक्षाको गुणस्तर वृद्धि गर्नका लागि विभिन्न सरोकावालाहरु सहकार्य गर्दै आगडी बढ्ने योजनामा रहेका छौं ।”

### 3.5.7. Dissemination Workshop

एक्सनएड नेपाल र कमैया महिला जागरण समाज नेपालको सहयोगमा सञ्चालित नेपालमा कृषिमा आधारित बँधुवा श्रम अन्त्य परियोजना कार्यक्रमको सिकाई आदान प्रदान कार्यक्रमको सभाअध्यक्ष कमैया महिला जागरण समाज नेपालका अध्यक्ष श्री विरुणी थारुको सभाअध्यक्षतामा, लुम्बिनी प्रदेश सभा सदस्य माननिय राजकुमार चौधरी, लुम्बिनी प्रदेश पुर्व उपसभामुख कृष्णि थारु, बढैयाताल गाँउपालिका अध्यक्ष हिमालय त्रिपाठी, गेरुवा गाँउपालिका अध्यक्ष जमानसिंह के.सि., राजापुर नगरपालिका नगर उपप्रमुख मनकला चौधरी, बर्दियाका प्रमुख जिल्ला अधिकारी रुद्र देवि शर्मा, बढैयाताल गाँउपालिका वडा नं. ९ वडा अध्यक्ष विर बहादुर थारु, संघ संस्था, पत्रकार, समाजसेवी, मुक्त कमैया समाजका प्रदेश अध्यक्ष जगेश्वर चौधरी, मुक्त कमैया अगुवा प्रतिनिधीहरुको सहभगितामा जिल्ला स्तरिय सिकाई आदान प्रदान कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रम सञ्चालन कमैया महिला जागरण समाज नेपालका कार्यक्रम संयोजक रमेश चौधरीले सञ्चालन गर्नु भएको थियो भने कार्यक्रमको स्वगत मन्तव्य मुक्त कमैया समाज लुम्बिनी प्रदेश सचिव फुलराम चौधरीले दिनुभएको थियो । कार्यक्रमको प्रस्तुतिकरण कमैया महिला जागरण समाज नेपालका परियोजना अधिकृत राजेन्द्र प्रसाद थारुले गर्नुभएको थियो । कार्यक्रमको प्रस्तुतिकरण पश्चात परियोजना सञ्चालित क्षेत्रमा रहेको लाभग्राहीहरुमा आएको परिवर्तन वा परियोजनाले ल्याएको प्रभाव के कस्तो रहेको भनेर लाभग्राहीहरुको अफनो भनाई कार्यक्रमले ल्याएको परिवर्तनको विषयमा जानकारी गराएका थिए । कार्यक्रममा महिला २५ जना र पुरुष ३२ गरि जम्मा ५७ जनाको सहभगितामा बर्दिया जिल्ला गुलरिया नगरपालिका विजया गेष्ट हाउसमा कार्यक्रम सम्पन्न भएको थियो ।



कार्यक्रममा कमैया महिला जागरण समाज नेपाल र एक्सनएड नेपालको साझेदारीमा सञ्चालित नेपालमा कृषिमा आधारित बँधुवा श्रम अन्त्य परियोजना अर्न्तगत मुक्त कमैयाहरुको संगठन सुद्धिढिकरण, संगठनिक संरचना, राज्यको निति निर्माणमा

पैरवी तथा वकालत र जिविकोपार्जन उत्थानशिल र शिक्षा तथा प्रविधिक शिक्षा क्षेत्रमा मुक्त कमैयाहरुको पंहुच रोजगार सुचना केन्द्रमार्फत सुचना प्रवाहको विषयमा सेवा उपलब्धको विवरण तथा परियोजना मार्फत अक्टोबर २०२१ देखि जुन २०२४ सम्मा २.५ वर्षको अवधीमा काम गरिएका गतिविधिको विवरण, कामको उपलब्धी, समुदाय, संगठन र राज्यको निति निर्माणमा आएको परिवर्तन, काम गर्ने क्रममा देखिएको चुनौतीको विषयमा छलफल गरिएको थियो ।

फुलराम थारु : एक्सनएड नेपाल र कमैया महिला जागरण समाज नेपालको साझेदारीमा सञ्चालित नेपालमा कृषिमा आधारित बँधुवा श्रम अन्त्य परियोजना अर्न्तगत मुक्त कमैयाहरुको संगठन सुढद्धिकरण मुक्त कमैयाहरुले सरकार संग पाउनु पर्ने सेवा सुविधको बारेमा छलफल गर्ने, स्थानिय तथा प्रदेश तहमा मुक्त कमैयाहरुको योजना प्रस्तवनाहरु पेश गर्ने विषयमा छलफल मुक्त कमैया परिवारकाबालबालिकाहरुलाई शैक्षिक सामाग्री वितरण  प्रविधिक शिक्षा जस्ता सहयोग




कार्यहरु सम्पन्न गर्दा मुक्त कमैयाहरुको आर्थिक तथा सामाजिक अवस्थामा परिवर्तन आएको देखिन्छ । म स्वयम आफै पनि मुक्त कमैया समाजमा अबद्ध भएर विभिन्न ठाँउमा प्रतिनिधितव गरि स्थानिय तथा प्रदेश सरकार संग मुक्त कमैयाहरुको सवाल तथा पैरवीमा निरन्तर लगिपरेको छु । विगतको दिनमा कमैया महिला जागरण समाज नेपालले सहयोग नगरेको खण्डमा दैनिक ज्यालादारीको काम गर्ने अवस्था रहेको थियो भने हालको अवस्थामा व्यवसायक सहयोग प्राप्त पश्चात स्वरोजगार भएको छु विभिन्न कार्यक्रम तथा अभियानमा निरन्तरता दिन थालेको छु । पहिलेको भन्दा हालको अवस्थामा पारिवारको आर्थिक अवस्थामा सुधार भएको छ । मुक्त कमैयाहरुले पाउनुपर्ने हक, अधिकार र पुनर्स्थापनाको विषयमा पालिका संग निरन्तर पैरवी गरिरहेको छु ।

**अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुको अवस्था बारे अध्ययन सर्वेक्षण :**

२०८० फागुन १६ गते बढैयागाउँपालिका वडा नं. ९ का अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुको अवस्था बारे अध्ययन



सर्वेक्षण फारम १० जनाको भरिएको छ । कार्यक्षेत्रमा श्रमिकहरुको जोखिमको अवस्था, सुरक्षा समाग्री प्राप्त गरे वा नगरेको अवस्था  र श्रम ऐनमा व्यवस्था भएको सुविधा कार्यन्वयन भएको भए नभएको अवस्था बारे सम्बन्धित श्रमिकहरुसंग सुचना संकलन गरिएको छ । कार्यक्षेत्रमा महिला श्रमिकलाई भएको समस्याहरुको बारेमा पनि सुचना संकलन गरिएको थियो ।

श्रमिकहरुको अवस्था सम्बन्धी छलफल : मुक्त कमैया समाज बस्ती समितीको बैठकमा कामदारहरुको लागि श्रम ऐनमा व्यवस्था गरिएको ज्याला रेट, दुघर्टना विमा, सुरक्षा समाग्री, हाजिरी कार्डको व्यवस्था बारे जानकारी गराउदै कार्यन्वयन तथा अनुगमनको अवस्था के कस्तो छ भनि छलफल गरिएको थियो । छलफलको क्रममा श्रमिकहरुले समयमा ज्याला नपाउने, ८ घण्टा भन्दा बढि काम गर्ने तर अतिरिक्त ज्याला नपाउने, सुरक्षा समाग्री नपाईने अवस्था पाईयो साथै ठेकेदारसंग कामको लागि सम्झौता नगरिएको तथा हाजिरी कार्डको व्यवस्था नगरिएको कुनैठीको अनिता थारुले बताउनु भएको छ । काम गरेको कुनै पनि प्रमाण नहुदाँ ज्याला ठगी हुदाँ समेत कुनै कतै उजुरी गर्न नसकिएको बताउनु भएको थियो । एकदिन पनि ज्यालादारी नगर्दा आफ्नो परिवारको घरको साँझ विहानको छाँक तार्न समस्याहरु हुने गरेको उहाँले बताईन । छलफलको क्रममा स्थानीय जनप्रतिनिधिहरुले पनि श्रमिकहरुको अवस्था बारे बुझ्ने, अनुगमन नगरेको दिलकुमारी थारुले बताउनु भएको थियो ।

# रोजगार सुचना केन्द्र संचालन :

राजापुर नगरपालिका एउटा बहुजातिय, बहुभाषिक तथा बहुसाँस्कृतिक क्षेत्र हो । यहा विभिन्न जातजाति, भाषाभाषिक, साँस्कृति रहेका मानिसहरुको बसोबास रहेको छ । यस नगरपालिकामा थारु, ब्राह्मण, क्षेत्री, यादव, लगायत अन्य थुप्रै मानिसहरु बसोबास गर्छन । यद्यपी यस नगरपालिकामा थारु समुदायको बसोबास बढी रहेको छ । यहाँका मानिसहरुको मुख्य पेशा कृषि भएतापनि समय परिवर्तन सँगसँगै विभिन्न पेशा, व्यवसाय, निर्माण कार्यमा आबद्ध भएको पाइन्छ । कृषि



साथसाथै तरकारी खेती प्रति पनि मानिसहरुको आकर्षण बढेको पाइन्छ । बिशेष गरी रोजगारीको दृष्टिकोणले हेर्दा धान खेतको रोपाइ पछि कामको सिलसिलामा पोखरा, बुटवल, सुर्खेत, काठमाँडौ र नजिकैको देश भारत जान्छन । साथसाथै अहिले वैदेशिक रोजगारी तर्फजाने मान्छेको संख्या पनि बढ्दो देखिन्छ । केहि महिना अगाडी सम्पन्न भएको स्थानीय तहको निर्वाचन पश्चात यस नगरपालिका मा पनि नयाँ जनप्रतिनिधि आईसकेको अवस्था रहेको छ । यस नगरपालिका अर्न्तगत यूवा तथा बेरोजगार व्यक्तिहरुलाई रोजगारीको अवसर सृजना गर्नका लागी विभिन्न कार्यक्रम तथा सिपमुलक तालिम विभिन्न संघ संस्था र नगरपालिकाको समन्वयमा सञ्चालन भएको र भईरहेका छन । यस राजापुर नगरपालिका रोजगार सेवा केन्द्र अर्न्तगत रहने (कमैया महिला जागरण समाज, नेपाल को प्राविधिक सहयोगमा) रोजगार सूचना केन्द्र सुरुवाति चरणमा रहेतापनि यस नगरपालिका भित्र रहेका यूवा, कमैया परिवार, आर्थिक रुपले विपन्न, रोजगार सूचनाको पहुँच बाट बाहिर रहेका र बेरोजगार व्यक्तिहरुलाई रोजगार सम्बन्धि विभिन्न सूचना, विज्ञापन तथा सिपमुलक तालिम सम्बन्धि जानकारी प्रदान गर्नु यसको मुख्य उद्देश्य रहेको छ । नेपालको संविधानले प्रत्येक नेपालीलाई प्रदान गरेको सूचनाको हक प्राप्त गर्नु गराउनु यसको लक्ष्य रहेको छ ।

बर्दिया जिल्लाको राजापुर नगरपालिकाको समन्वय तथा सहकार्यमा युवाहरुको रोजगारिमा पहुँच पुर्‍याउनका लागि राजापुर नगरपालिकाको वडा नं. ४ को वडा कार्यालयमा रहेको भवनमा रोजगार सुचना केन्द्रको संचालनमा रहेको छ । रोजगार सुचना केन्दबाट यस महिनामा शिक्षक सेवा आयोगको विज्ञापन जानकारी गराउनुका साथै फाराम भर्नमा समेत मद्दत गरिएको थियो । साथै लोकसेवा आयोगका सुचनाहरु तथा संघसंस्था बाट माग भएका विज्ञापनको सूचनाहरु समेत सूचना पाटिमा टाँस गरि जनकारी गराइएको थियो । यस सुचना केन्द्रले शिक्षक सेवा आयोगमा फाराम भर्नका लागि कम्प्यूटर नभएका युवाहरुको लागि निकै नै लाभदायिक भएको छ । यसरी युवाहरुको आर्थिक अभावका कारण फाराम भर्नमा सहजताका कारण परिवारलाई समेत आर्थिक सहजभएको छ । साथै रोजगारका लागि आवेदन दिने आवेदकहरुलाई समेत फाराम भर्नमा सहयोग गरि सेवा दिईएको छ ।

यसका अतिरिक्त स्थानिय स्तरमा कामगर्ने रोजगारदाताहरु संगको समन्वय पनि भएको छ । जसमा ठेकेदार तथा उनीहरुको कार्य सम्पन्न गर्नका लागि सहयोग गर्ने पेटि ठेकेदारहरु संग समन्वय गरी आवश्यक जानकारी प्रदान गरि रोजगार सूचनको केन्द्रको बारेमा प्रचार प्रसार गरिएको छ जसले सूचना केन्द्रको भ्रमण गर्ने युवाहरुको संख्या बढदो क्रममा रहेको छ । रोजगार सम्बन्धि विज्ञापनमा ६६ जनाले आवेदन फारम भरेका छन । रोजगार सूचना सम्बन्धि सूचना ३६६ जनाले प्राप्त गरेका छन कम्प्युटर सम्बन्धि आधारभूत ज्ञान तथा सिप २३९ जनाले प्राप्त गरेका छन । प्रधानमन्त्रि रोजगार कार्यक्रममा सूचीकृत हुन चाहने राजापुर नगरपालिका वडा नं. ४ का १६३ जना श्रमिकहरुमध्ये १०० जनको परिचयपत्र तयार भएको छ । आ.व. ०७९/०८० मा संलग्न १० वटै वडाका लाभग्राहि श्रमिकहरु ३७५ मध्ये वडा नं. ३ का ७७ जनाले लाभग्राहि परिचय पत्र प्राप्त गरेका छन । दैनिक ज्यालादारीमा का गर्ने श्रमिकहरु श्रम ऐनमा भएको व्यवस्था बारे जानकार भएका छन । छोरी संस्थामा आवेदन दिएका यूवाहरुमध्ये २ जना यूवाको नाम संक्षिप्त सूचीमा छनौट भएको छ ।

रोजगार सुचना केन्द्र मार्फत रोजगार सम्बन्धि विज्ञापन तथा सूचना संप्रेशण गरिएको – ४३ प्रकारको, कम्प्युटर सम्बन्धि आधारभूत ज्ञान तथा सिप प्रदान गरिएको छ । –२३९ जनालाई, प्रधानमन्त्रि रोजगार कार्यक्रममा सूचीकृत हुनका लागि राजापुर नगरपालिका वडा नं. ४ का श्रमिकहरुको आवेदन फारम भरिएको छ । – १६३ जनाको, दैनिक ज्यादारीमा काम गर्ने श्रमिकहरु सँग श्रम ऐनमा भएका व्यवस्था बारे छलफल गरिएको छ । २५१ जनासँग, आ.ब. ०७९/०८० मा प्रधानमन्त्रि रोजगार कार्यक्रमका लाभग्राहि श्रमिकहरु को परिचय पत्र तयार गरिएको छ । **३ जनाले** छोरी संस्थामा उच्च शिक्षा अध्ययनका लागि निशूल्क छात्रवृत्तिको लागि आवेदन फारम पेश गरिएको छ ।

यस कार्यका लागी राजापुर नगरपालिका वडा नं ५ का टीकाराम थारु, वडा नं ८ का ठेकेदार प्रभात शाह, वडा नं. १० का ठेकेदार नारायण क्षेत्री  सँग छलफल गरिएको थियो । लाइसेन्स प्राप्त ठेकेदार हरुले ठेक्का प्राप्त गरेपछि पून ठेक्का को रुपमा पेटि  ठेकदार मार्फत काम सञ्चालन गर्ने जानकारी प्राप्त भएको थियो । यसै क्रममा लाइसेन्स प्राप्त ठेकेदारले  पेटि ठेकेदारलाई पूनः ठेक्का दिई कल्भर्ट, विद्यालय भवन निर्माण तथा सडकका नाली तथा सडक निर्माण कार्य भईरहेको बताउनु भएको थियो ।



आर्थिक बर्ष २०७९/२०८० को परिचय पत्र वितरण कार्यक्रम
मिति २०८०/०८/०८ गते राजापुर नगरपालिका वडा नं ३ मा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्रि रोजगार कार्यक्रम, रोजगार सेवा केन्द्र मार्फत न्यूनतम १०० दिनको रोजगार प्राप्त गर्नु भएका ३४ जना र ३४ दिन रोजगार प्राप्त गर्नुभएका ३३ जना गरी जम्मा ७७ जना लाभग्राही श्रमिकहरुलाई फोटो सहितको लाभग्राही परिचयपत्र वितरण कार्यक्रम सम्पन्न भएको थियो । यस कार्यक्रम ३ नं वडा अध्यक्ष प्रसादु थारुको सभाअध्यक्ष,  ३ नं वडाका वडाअध्यक्ष सुस्मिता थारु,रोजगार सेवा केन्द्रका रोजगार सहायक यम कुमार परियार तथा लाभग्राही श्रमिकहरुको उपस्थितिमा प्रयागपुरमा सम्पन्न भएको थियो ।
३ नं वडाअध्यक्ष श्री प्रसादु थारुः आ. व. २०७९/०८० प्रधानमन्त्रि रोजगार कार्यक्रमबाट लाभान्वित सम्पुर्ण लाभग्राही श्रमिकहरुलाई राजापुर नगरपालिकाका १० वटै वडा मध्ये ३ नं वडा ले सबै भन्दा पहिले लाभग्राही परिचय पत्रवितरण गरेको भन्दै आ .व. २०८०/०८१ मा सुचिकृत बेरोजगार श्रमिकहरुलाई पनि सबैभन्दा पहिले नै परिचय पत्र वितरण गर्न का लागि पहल गर्ने प्रतिबद्धता गर्नु भएको थियो ।

## ३. सूचना प्रदान तथा दरखास्त फारम भरिएको



मुक्त कमैया विपन्न परिवारका बालबालिका युवाहरु जो विभिन्न प्रविधि तथा सुचनाबाट टाढा भई रोजगार र अवसरबाट बञ्चीत भएका युवाहरुलाई  सुचना आदानप्रदानमा सहजताको लागि युवा रोजगार सुचना केन्द्रले विभिन्न खालको रोजगारी, सिपमुलक तालिम, शिक्षक सेवा अयोग, लोक सेवा अयोग तथा विभिन्न संघ संस्थाहरुले प्रकाशन गरेको सुचनाहरु प्रकाशन तथा फेसबुक पेज मार्फत शेयर गरेर युवाहरु तथा आम नगरिकहरुलाई सुचित गर्ने गर्दछ र रोजगार सुचना केन्द्रमा रोजगार सम्बन्धी जानकारी लिन आएका युवाहरु सुचनाको विषयमा जानकारी गराएर फर्म भर्ना सहज बनाउने गर्दछ । गैरसरकारी संस्थाको विज्ञापन तथा सूचना सेवाग्राहिलाई संप्रेशण गरी दरखास्त फारम समेत भरेको छ । रोजगार सुचना केन्द्र मार्फत यस ६ महिनामा २४ वटा सुचनाहरु प्रकाशन तथा सम्प्रेशण भएको छ । १९ जना सेवा ग्राहीले उक्त सुचनामा फरम समेत भर्नाको लागि सहयोग गरिएको थियो । ७४ जनाले रोजगार सुचनामा भ्रमण गरि रोजगार सुचना केन्द्रले दिईरहेको सेवा सुविधाको विषयमा जानकारी लिएका छन् ।

## श्रमिक हरुको परिचय पत्र तथा नयाँ बेरोजगार फारम दर्ता

रोजगार सुचना केन्द्र मार्फत सुचना समुदाय तथा वडामा सुचना प्रवाह गरि आ.व. २०८०/८१ मा प्रधानमन्त्रि रोजगार कार्यक्रम मा सूचीकृत भएका राजापुर नगरपालिका वडा नं २ का १६९ र वडा नं ३ का ३०९ जना श्रमिकहरु गरी जम्मा ४७८ जनाको परिचय पत्रमा फोटोहरु रोजगार सूचना केन्द्रबाट अपलोड गरिएको छ।

आ व २०८१/०८२ मा प्रधानमन्त्रि रोजगार कार्यक्रममा सूचीकृत हुन चाहने बेरोजगार व्यक्तिहरुले भरेको फारम अनुरुप वडा नं १ का ४८ जनाको फारम र वडा नं १, ५,८ ९ र १० का को ७६ जनाको फारम दर्ता गरिएको छ। आ. व. २०८०।२०८१ मा राजापुर नगरपालिका रोजगार सेवा केन्द्रबाट सञ्चालन गरिने प्रधानमन्त्री रोजगार कार्यक्रममा राजापुर नगरपालिका वडा नं ७ का जम्मा २० जना श्रमिकहरु र वडा नं ८ का जम्मा २१ जना श्रमिकहरु रोजगार प्राप्त गरेका छन। जस्मध्ये मुक्त कमैया परिवारका १४ जना रहेका छन्।

**सकारत्मक उपलब्धी**

- मुक्त कमैया समाजको निरन्तर बैठक पश्चात एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयबाट बाँसगढी र बढैयातालमा मुक्त कमैया परिवारका २७ जनाले निशुल्क विउ अनुदान प्राप्त गर्न सफल भएका छन्।
- प्रदेश सरकारको बजेट विनियोजन पश्चात सामाजिक विकास डिभिजन कार्यालय बाँके बाट राजापुरमा ५ जना मुक्त कमैया अगुवाहरुले नेत्तृत्व विकास तालिम प्राप्त गरेका छन्।
- गुलरिया नगरपालिका वडा नं. १२ र बढैयाताल गाँउपालिका वडा नं. ९ को सहयोग मुक्त कमैया परिवारका १२ जना युवा महिलालाई निशुल्क सिप मुलक तालिम प्रदान गरिएको छ।
- मुक्त कमैया परिवारका बर्दिया जिल्लाको ४ वटा पालिका राजापुर नगरपालिका, गेरुवा गाँउपालिका, बढैयाताल गाँउपालिका र बाँसगढी नगरपालिका कृषि शाखा कार्यालय बाट सिचाई मोटर सहयोग ४ जनालाई ७५ प्रतिशत अनुदान, तरकारीको विउ विजन ३३ जनालाई निशुल्क वितरण गरेको छ।
- प्रदेश मन्त्रलयको सहकार्यमा बर्दिया जिल्लाका ८ वटै पालिकाका १९ जना पुरुष युवा र ३८ जना महिला युवा गरि जम्मा ५७ जना मुक्त कमैया परिवारका युवाहरु निशुल्क लोकसेवा अयोग कक्षामा नाम निकल्न सफल भई आयोगको कक्षा लिईरहेका छन्।
- मुक्त कमैया समाजको पालिका बैठकमा मुक्त कमैया अगुवाहरुको क्षमतामा अभिबृद्धि भई यस ६ महिनामा १७ जना मुक्त कमैयाहरु विद्यालय व्यवस्थापन समिति, उपभोक्त समिति,समुदायिक वनमा प्रतिनिधित्वा गरेका छन्।
- पालिका स्तरिय मुक्त कमैया समाज समितिले स्थानिय तह अर्न्तगत गाँउपालिका र नगरपालिका गरि ४ वटा पालिकामा २०८१/८२ सालको बजेट विनियोजनको लागि जनप्रतिनिधिहरु समन्यवय सम्पन्न गरेको छ।
- मुक्त कमैया समाज र कमैया महिला जागरण समाजको जिल्ला, प्रदेश र केन्द्र तहको निरन्तर बैठक र दवाबले मुक्त कमैया,कमलरी र हलिया पुनस्थापना कार्यविधि परित भएको छ।

मुक्त कमैया अगुवाहरुलाई सवालगत वाकालत र नेत्तृत्व विकास तालिम पश्चात मुक्त कमैया अगुवाहरुले पालिका तह संग कार्यविधी, मुक्त कमैयाहरुको तथ्यांक संकलन, योजना तथा बजेत विनियोजनको विषयमा छलफल गर्न सक्षम भएका छन्। कैलाली र कञ्चानपुर जिल्लामा लगभग १३००० घरपरिवार मुक्त कमैयाहरुको तथ्यांक संकलन गर्न सक्ने भएका छन्।

- बढैयाताल गाउँपालिका जनप्रतिनिधी तथा कार्यकारीले टेशनपुर मुक्त कमैयाहरुको विवादित जग्गाको समस्या समाधानको लागि सरोकारवालाहरुसंग छलफल गरि समाधान गर्ने प्रतिवद्धता गरेको छन् ।
- मुक्त कमैया पुनस्थापना कार्यविधि पश्चात सुदुर पश्चिम प्रदेशमा २२ घरधुरी मुक्त कमैयाहरुको प्रदेश सरकारको लागतमा कैलालीका कौवापुरमा १० घर र दाँनुफाटामा १२ घरहरु निर्माण कार्य सुरु भएको छ ।
- सुदुरपश्चिम प्रदेशमा मुक्त कमैया, कमलरी, हलिया लक्षित बर्गको लागि ८ करोड ३८ लाख रुपैपा विनियोजन भएको छ ।
- मुक्त कमैया, हलिया र कमलरीको आवास निर्माणको लागि २ करोड बजेट विनियोजन भएको छ ।
- मुक्त कमैया, कमलरी, हलिया, गरिव विपन्न वर्गका जेहेन्दर विद्यार्थीहरुलाई उच्चा शिक्षा, चिकित्सा शिक्षातर्फ छात्रबृत्ति कार्यक्रमको लागि ५ करोड ८० लाख विनियोजन भएको छ ।
- मुक्त कमैया, कमलरी, हलिया, गरिव विपन्न वर्गका जेहेन्दर विद्यार्थीहरुलाई उच्चा शिक्षा, चिकित्सा शिक्षातर्फ छात्रबृत्ति कार्यक्रमको लागि ५ करोड ८० लाख विनियोजन भएको छ ।
- लुम्बिनी प्रदेशमा मुक्त कमैया, कमलरी , विपन्न लक्षित आयआर्जन तथा स्वरोजगरमुलककार्यक्रम सञ्चालनको लागि ५ करोड ५४ लाख बजेट विनियोजन भएको छ ।
- मुक्त कमैया, कमलरी, विपन्न परिवारलाई कृषि बाली र च्याउको विउ सहयोगको लागि ७ लाख रुपैया बजेट विनियोजन र मुक्त कमैया, कमलरी, द्वन्द्वपीडित व्यक्तिहरुलाई उद्यम र व्यवसायी बनाउने तालिमको लागि बजेट विनियोजन । बाँसगढी नगरपालिका
- मुक्त कमैया परिवारका बालबालिकाहरुलाई शैक्षिक सामाग्री सहयोग, मुक्त कमैयाहरुलाई पुनस्थापनाका कार्यक्रम, छुट मुक्त कमैयाहरुको लगत संकलन र परिचयपत्र वितरण, मुक्त कमैया परिवारलाई आयआर्जज र सिपमुलक क्रियाकलपमा सहयोग गरिनेछ । राप्ती गाँउपालिका
- मुक्त कमैया परिवारका बालबालिकाहरुलाई शैक्षिक सामाग्री सहयोग, मुक्त कमैयाहरुलाई पुनस्थापनाका कार्यक्रम, छुट मुक्त कमैयाहरुको लगत संकलन र परिचयपत्र वितरण, मुक्त कमैया परिवारलाई आयआर्जज र सिपमुलक क्रियाकलपमा सहयोग गरिनेछ । राप्ती गाँउपालिका
- मुक्त कमैया परिवारका बालबालिकाहरुलाई शैक्षिक सामाग्री सहयोग, मुक्त कमैयाहरुलाई पुनस्थापनाका कार्यक्रम, छुट मुक्त कमैयाहरुको लगत संकलन र परिचयपत्र वितरण, मुक्त कमैया परिवारलाई आयआर्जज र सिपमुलक क्रियाकलपमा सहयोग गरिनेछ । राप्ती गाँउपालिका
- मुक्त कमैया परिवारका बालबालिकाहरुलाई शैक्षिक सामाग्री सहयोग, मुक्त कमैयाहरुलाई पुनस्थापनाका कार्यक्रम, छुट मुक्त कमैयाहरुको लगत संकलन र परिचयपत्र वितरण, मुक्त कमैया परिवारलाई आयआर्जज र सिपमुलक क्रियाकलपमा सहयोग गरिनेछ । राप्ती गाँउपालिका
- काठ काटानी मुछानी बपतको रकम निकासाको लागि केहि व्यक्तिको मात्रै प्रमाण भेटिएको हुनाले पुनहः मुक्त कमैया अगुवा र सरोकारवालाहरु बसेर विकल्पको खोजी गर्नुपर्ने डिभिजन बनकार्यालयको निश्कर्ष ।
- मुक्त कमैया पुनस्थपना कार्यविधि बढैयाताल गाँउपालिका र राप्ती गाँउपालिकामा पारित
- मुक्त कमैया समाजले सुदुरपश्चिम प्रदेश संग सहकार्य गरि मुक्त कमैयाहरुको डाटा संकलन कैलाली र कञ्चनपुरमा सम्पन्न गरिएको छ । लगभग १३ हजार मुक्त कमैया परिवारको ।
- मुक्त कमैया समाज र कमैया महिला जागरण समाज नेपालले सुदुरपश्चिम प्रदेशमा निरन्तर छलफल, संवाद र डेलिगेसन पश्चात मुक्त कमैया, कमलरी र हलिया कार्यविधि पारित गराउन सफल भएको ।
- मुक्त कमैया पुनस्थापना सार्वजानिक सुनुवाई कार्यक्रममा मुक्त कमैयाहरुको बस्तीमा रहेको विवदित जग्गा र सत्ता भर्नाको विषयमा सम्बन्धीत सरोकारवालाहरु संग सहकार्य गर्ने

- मुक्त कमैयाहरुले अनौपचारिक क्षेत्रमा काम गरे वफात ज्याला नपएको हुनाले ठेकेदार र निर्माण कम्पनीहरु संग सहकार्य गरि सोही समस्याको समाधान गर्ने र जिल्ला दररेट अनुसार ज्याला उपलब्ध गराउनको लागि निर्देश गर्ने ।
- मुक्त कमैया युवाहरु प्राविधिक शिक्षा हसिल गरि अफनै गाँउमा पशु स्वस्थ्य उपचार गरि मासिक ५ हजार देखि ९००० सम्म अम्दानी कमाउन सफल भएका छन् ।
- मुक्त कमैया परिवारका १५ जना प्राविधिक शिक्षा अध्ययन गरेका युवा मध्ये १० जना पास ४ जनाको विषय लगेको र १ जना ओ.जे.टी. र २०२३ मा सहयोग गरेको ९ जना युवाहरु प्राविधिक शिक्षा अध्ययनरत
- प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरु मध्ये तरकारी खेती २ जना पशु उपचार घरदैलो ५ जना एग्रोभेटमा १ जना र ६ जना रोजगारको खोजीमा रहेका छन् ।
- मुक्त कमैया तथा छुट मुक्त कमैयाहरुको तथ्यांक संकलन ३ वटा पालिका बढैयाताल, गेरुवा र राप्ती गाँउपालिकामा सम्पन्न भएको छ ।
- कैलारी गाँउपालिकामा सवडिभिजन बन कार्यालयले मुक्त कमैयाहरुको बस्ती सुचना प्रकाशन गरेपश्चात विभिन्न अभियान तथा डेलिगेसन पश्चात उक्त बस्ती हताउनबाट रोक्न सफल भएका छन् ।
- विद्यामान कानुनी प्रवधान कार्यक्रम पश्चात ४ वटा पालिकाका १५८ जना मुक्त कमैया अगुवाहरु कानुनी प्रवधान र ऐन बारे जानकार भई वडा तथा पालिकामा अफनो अधिकार तथा सवालमा दावी गरिरहेका छन् ।
- सवालगत अभियान कार्यक्रम विश्व समाजिक मञ्चमा मुक्त कमैया अगुवाहरु  बाँधा श्रम अन्त्यको लागि सरकारलाई दवाव सिर्जनाको लागि हस्ताक्षर अभियान, प्ले कार्ड प्रर्दशन, र्‍याली, तथा अन्य दवाब मुलक कार्यक्रम गरि विश्वका अन्य अभियानकर्ताहरुलाई अफनो समस्या र सवालको विषयमा चासो तथा उत्सुक्ता सिर्जना गरिएको थियो ।
- रोजगार सुचना केन्द्र मार्फत सरकारी तथा गैरसरकारी १९ वटा सुचना प्रकाशन, रोजगार सुचना केन्द्रमा तिन महिनामा ४२ जना सेवाग्राही सेवा लिन आएको, ४ जना युवाले रोजगार सुचना केन्द्र मार्फत फारम भरेको,
- प्रधानमन्त्री रोजगार कार्यक्रममा राजापुर नगरपालिका वडा नं. ७ र ८ मा ४१ जनाले काम पाएको जसमध्ये १४ जना मुक्त कमैया परिवारहरु पनि संलग्न रहेका छन् ।
- कञ्चनपुर जिल्लामा ४ वटा पालिका भिमदत्त नगरपालिका, बेदकोट नगरपालिका, शुक्लाफाँटा नगरपालिका, कृष्णपुर नगरपालिकामा मुक्त कमैया कार्यविधि जनजागरण अभियान सम्पन्न भएको छ उक्त जनजगरण अभियान पश्चात कार्यविधिको काम कर्तव्य र मुक्त कमैयाहरुले पाउने सेवा सुविधाको विषयमा २३५ जना भन्दा बढि मुक्त कमैयाहरुले कार्यविधिको विषयमा जानकारी पाँउदा कार्यविधिको विषयमा जानकार भई अन्य मुक्त कमैयाहरुलाई सुचना दिईरहेका छन् ।
- विद्यालय भर्ना  छुट भएका बालबालिका ४ पालिकामा  ६० जना बालबालिका विद्यालय भर्ना अभियान कार्यक्रम सञ्चालन पश्चात थप नयाँ विद्यालय भर्ना हुन सफल भएका छन् । बालक  ३७ जना र बालिका २३ जना रहेका छन् ।
- मुक्त कमैया अगुवाहरुले संगठनमा छलफल गरि स्थानिय पालिकामा बर्दिया जिल्लाको ८ पालिका, कैलाली, कञ्चनपुरको ८ पालिकामा २०८१/८२ सालको योजना तथा प्रस्तवना पेश गरेका थिए ।
- मुक्त कमैया परिवारहरुको आर्थिक अवस्थामा सुधार ल्याउनको लागि कृषि तथा गैर कृषि व्यवसाय सञ्चालनको लागि ५० जना मुक्त कमैयाहरुलाई उद्यमशिलता विकास तालिम र २० हजार अनुदान सहयोग पश्चात ५० जना कमैया परिवार स्वरोजगार भई अम्दानी कमाउन तथा व्यवसाय सुरुवात गर्न थालेका छन् ।
- मुक्त कमैया परिवारका ७०० जना बालबालिकाहरुलाई शैक्षिक सामाग्री सहयोग गरिएको छ । सहयोग पश्चात बालबालिकाहरु पढाईमा थप मद्धत पुग्नुको साथै विद्यालय निरन्तर जान थालेका छन् र विद्यार्थीहरु शैक्षिक समाग्री प्राप्त पश्चात पढाईमा थप उत्सुक भएका छन् ।

- रोजगार सुचना केन्द्र मार्फत ६ महिनामा २४ वटा सुचनाहरु प्रकाशन तथा सम्प्रेशण भएको छ । १९ जना सेवा ग्राहीले उक्त सुचनामा फरम समेत भर्नाको लागि सहयोग गरिएको थियो । ७४ जनाले रोजगार सुचनामा भ्रमण गरि रोजगार सुचना केन्द्रले दिईरहेको सेवा सुविधाको विषयमा जानकारी लिएका छन् ।

**चुनौतीहरु**

१) सिमीत स्रोत साधन सिमित कार्यक्षेत्र र असिमित आवश्यकता रहेको

२) सरकारका जनप्रतिनिधि र कर्मचारीहरुले मुक्त कमैयाको समस्या समाधानको लागि सवालहरुमा चासो कम दिनु ।

३) स्थानीय निकाय देखी प्रदेश, संघ  सम्मका सम्बन्धित निकाय, जनप्रतिनिधिहरु मुक्तकमैया, बुक्ही र कमलह्रीको न्यायिक पूर्नस्थापनाको मागमा ध्यान नदिएको देखिन्छ ।

४) मुक्त कमैयाहरुको वास्तविक डाटा नरहेकोले विभिन्न योजना तथा कार्यक्रमहरु माग गर्नको लागि कठिनाई रहेको ।

५) केन्द्र तथा प्रदेश सरकार फेर बदल भएको कारण मुक्त कमैयाहरुको मागलाई प्रदेश स्तरमा कम सम्बोधन गराउन सक्नु ।